सात

# गण्डक सम्झौताले सताएका नेपालीको पीडा

**वृजराज कुशवाहा**

खेतमा जमेको पानी नसुक्दा उत्पादन दिन प्रतिदिन गिर्दैछ । सिँचाइ गर्न पानी पाइएको छैन तर नहरमा सलल बगेर पानी भारत जाँदैछ । किसानसित भएका घर, जग्गा र कृषि कारोबार न त गरिखान सकिएको छ, न बेच्न नै मिलेको छ । जग्गाधनी लालपुर्जा हातमा छ, तर जग्गा छैन । बसाइँ सर्न चाहनेले जग्गाको मूल्य पाएको छैन । उद्यम गर्न ऋण माग्नेलाई बैंकले ऋण दिएको छैन । ६० देखि १२० प्रतिशत वार्षिक ब्याजको ऋण प्रचलनमा छ ।

यस्ता तमाम समस्या उब्जिनुको एकमात्र कारण बनेको छ, गण्डक सम्झौता ।[१] वि.सं. २०१६ मा नेपाल भारतबीच भएको यो सम्झौता नवलपरासी जिल्लाको नारायणी नदीसँग सम्बन्धित छ । सम्झौताको मुख्य उद्देश्य नेपाल / भारत दुवै देशमा सिँचाइको व्यवस्था मिलाउनु, बाढी नियन्त्रण गर्नु तथा जलविद्युत उत्पादन गर्नु रहेको थियो । सम्झौता भई लागू भएको गण्डक परियोजनाबाट दुवै देशका सरकार लाभान्वित भए । भारत सरकारले सिँचाइका लागि पानी लैजान पायो भने नेपाल सरकारले भारतबाट हस्तान्तरित १५ मेगावाट उत्पादन क्षमताको जलविद्युत केन्द्र पायो । तर, यसले गण्डक कमाण्ड क्षेत्रका बासिन्दालाई नराम्ररी पिरोल्दै आएको छ ।

हजारौँ घरपरिवार यसबाट प्रभावित छन् । पीडितहरू आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा दीर्घकालीन समस्यामा परेका छन् । समस्या जन्माएका सरकारहरूले न समाधान गरेका छन्, न ठोस पहल नै । नागरिक स्तरमा समाधान गर्न नसकिने तथा सरकारले

[१] गण्डक सम्झौताको पूर्ण विवरणको लागि हेर्नुहोस् http://moewri.gov.np/images/category/Aggrement-on-Nepal-and-India-Gandak-River-1959.pdf; मंसिर १६, २०७५ मा हेरिएको

ध्यान नदिने भएपछि कमाण्ड क्षेत्रको बसाइ गण्डकवासीका लागि निकै कष्टकर बनेको छ । कमाण्ड क्षेत्रमा पश्चिम नवलपरासीको साबिकका १३ गाउँ विकास समिति (गाविस) पर्दछन् । यसभित्र त्रिवेणीसुस्ता, रुपौलिया, कुडिया, नरसही, पकलिहवा, गुठी परसौनी, गुठी सुर्यपुरा, बैदौली, ठूलो खैरटवा, सोमनी, भुजहवा, जमुनिया र रामपुर खडौना गाविस रहेका छन् । नेपालको संविधान २०७२ कार्यान्वयनमा आइसकेपछि बनाइएका स्थानीय निकाय प्रतापपुर र सुस्ता गाउँपालिकाको पूरै क्षेत्र तथा विनयी त्रिवेणी र सरावल गाउँपालिकाका ६ र ७ नं. वडा गरी १८ ओटा वडालाई कमाण्ड क्षेत्र मानिएको छ ।

गण्डक परियोजना बन्नुअघि पहाडबाट तराई झरेका खोल्साहरूमा बाढी आउँदा पानी सरासर बगेर जान्थ्यो । गण्डक परियोजनाका लागि ब्यारेज, नहर, सडक, पुलपुलिया, जलविद्युत गृह र साइफन जस्ता संरचना बनाइएपछि अनेक समस्या उब्जिए । संरचनाले बाढीको पानी निकासमा अवरोध गर्न थाल्यो । डुबान, कटान र पटान हुन थाले । भूक्षय र जलजमाव हुन थाल्यो जसले गर्दा माटोको बनोट बिग्रिंदैछ । माटोभित्र हावा खेल्न नपाउँदा माटो बिग्रिन्छ । पानी जमिरहँदा माटोमा रहेका कृषिका लागि हितकारी जीवाणु मर्न थालेका छन् । खेतीमा किसानको लागत बढ्न थालेको छ । बाली उत्पादनमा ह्रास आउँदा किसानको मनोबल गिर्दैछ । पानी जमिरहने भएपछि लाम्खुट्टे बढेर औलो रोगले जरो गाडेको छ । दश वर्षअघि औलोको महामारीमा परेर एकै वर्ष कठहवा मुसहर बस्तीमा ११ जनाको ज्यान गयो । हैजाले गर्दा वर्षेनी केही मानिसको ज्यान गुम्दैछ ।

डुबानसँगै कटानले पनि नोक्सान गरेको छ । सयौँ हेक्टर उर्वर भूमि नारायणी नदीमा बिलिन भइसक्यो तर पनि कटान थामिने लक्षण छैन । नारायणीसँगै खजुरा, झरही, अम्चुरखोला, सिरखोला, रायपुरा र लिटिल गण्डकबाट कटानको क्रम जारी छ । कटानको पीडाले कमाण्ड क्षेत्रका धेरै किसानलाई जग्गा विहीन बनाइसक्यो । जग्गाधनी लालपुर्जा हातमा छ तर जग्गा भने बगाइसकेको छ । सरकारले क्षतिपूर्ति दिएको छैन ।

डुबान, कटान मात्रै होइन, पटान पनि प्रमुख समस्या बनेको छ । बाढीले ल्याएका बालुवा, ढुंगा र माटो मिश्रित पानीले माटोको गुणस्तर बिगार्नुका साथै खोल्सो, ड्रेन तथा साइफन सिल्टेशन भई पुरिँदै छन् । भूक्षयले साइफन भरिँदै जाँदा बाढीको प्रकोप झनै बढ्दै छ । धान, गहुँ, तोरी, मकै, उखु, केरा र तरकारी खेती हुने उर्वर जग्गा बाढीबाट प्रभावित भई बाँझो बन्दैछ । सिँचाइ सुविधा, उन्नत बीउबिजन, औषधी उपचारजस्ता सुविधा नभएका बेला कृषि उत्पादन भारतमा लगेर बेच्ने गरेका किसान आत्मनिर्भर थिए । कृषि सुविधाको पहुँच बढ्दै गए पनि अचेल उत्पादन दर खस्कँदै गएपछि किसानलाई लगानी समेत उठाउन धौ-धौ भएको छ । अर्कोतर्फ, बाढीले गरेको नोक्सानको क्षतिपूर्ति बापतको करिब तीन अर्ब रकम भारतले नेपाली किसानलाई दिएको छैन (हेर्नुहोस् अनुसूची १) ।

नेपालतर्फ भएको हानि नोक्सानीको क्षतिपूर्ति नेपाल सरकारबाट नपाउनाले पीडित किसान अहिले खेतीको विकल्प खोज्न थालेका छन् ।

खेतीको विकल्पमा उद्यम व्यवसाय गर्न चाहने किसानले बैंकबाट ऋण पाएका छैनन् । कमाण्ड क्षेत्रको जग्गाको भविष्य सुनिश्चित छैन, लगानी गरे डुब्न सक्छ भन्दै ऋण दिइएको छैन । डुबान, कटान, पटान र जलजाम हुनुका साथै नारायणी नदी बाँध भत्काएर गाउँमा पस्यो भने खेत बगर बन्नेछ भन्दै जग्गालाई धितोको रूपमा स्वीकारिएको छैन । त्यसैले, किसानले साहुलाई जग्गा दृष्टिबन्धकी राखेर वार्षिक ६० देखि १२० प्रतिशतसम्म ब्याजमा ऋण लिएका छन् । यस्तो क्रम बढेपछि मालपोत कार्यालयले कपाली तमसुक र दृष्टिबन्धकी लेख्न रोक्नुपरेको थियो । साहुहरूले अब ऋणीको जग्गा आफ्नो नाममा राजीनामा पास गराई ऋणको कारोबार चलाएका छन् ।

एकतर्फ बैंकले ऋण नदिने, अर्कोतर्फ कृषि उत्पादन राम्रो नहुने भएपछि जग्गाको मूल्य घटेको छ । त्यही कारण जग्गाको खरिदबिक्री ठप्पप्रायः छ । बेच्नै परे किसानहरू सस्तो मूल्यमा बेच्न विवश छन् । नदी गाउँ पस्ने र ज्यान असुरक्षित मानेकै कारण अन्य क्षेत्रका मानिस यस भेगमा आफ्नी छोरीको विहे गरी पठाउन मान्दैनन् । छोरीको जीवन र भविष्य जोखिममा पर्ने डरका कारण साबिक नरसही, कुडिया र पकलिहवा गाविसका युवालाई बिहे गर्नै कठिन छ ।

यिनै समस्याका कारण स्थानीयवासीले न पक्की घर बनाउने आँट गर्न सकेका छन्, न बसाइँ सर्ने हिम्मत नै । बसाइँ सरे घरजग्गाको उचित मूल्य पाइँदैन, नसरे घर, जग्गा, सम्पत्ति र ज्यान सबै जोखिममा । घरखेत किनबेच गर्न सक्नेले कमाण्ड क्षेत्र बाहिर घरघडेरी जोड्न थालेका छन् । धेरैजसो मानिस बसाइँ सर्न अन्यत्र जग्गाको खोजीमा छन् ।

बेथितिमा सुधारका लागि दुवै देशलाई हारगुहार गर्दै आएका गण्डकवासीको माग सुनुवाइ भएको छैन । दुवै सरकार आफूले लाभ लिने र जनताले भोग्दै आएको सास्तीलाई बेवास्ता गर्न थालेपछि आजित बनेका स्थानीयवासी एक जुट भई संघर्षमा उत्रे । संघर्ष गर्नका लागि “गण्डक नदी नियन्त्रण संघर्ष समिति, नवलपरासी” नामको एक समितिको गठन गरे । यसले नितान्त गण्डक पीडितको हक हितका लागि काम गरेको छ ।

चन्दा र सहयोगका भरमा गण्डक अभियानलाई अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याउन उद्यत समितिका पदाधिकारीहरू स्वयंसेवी भावनाले अहोरात्र खटेर हक अधिकारका लागि संघर्षरत छन् । समान हितका लागि सम्झौताको पुनरावलोकन हुनुपर्ने लक्ष्य लिएको छ । समितिले गण्डक सम्झौतालाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याउन अथक प्रयास थालेको छ । समयक्रमसँगै समितिको मागलाई भारतीय पक्षले ध्यान दिन थालेको छ । भारतीय पक्षले गण्डकमा कामका लागि समितिसँग समन्वय गर्न थालेको छ ।

यस लेखले दुई देश बीचको यस सम्झौता पूर्ण रूपमा कार्यान्वयनमा ल्याउन र तटीय क्षेत्रका लाखौँ नेपालीको दुःखको मुख्य कारकको रूपमा रहेको सम्झौताका कमी-कमजोरीलाई हटाउने काममा गरेको संघर्षलाई उजागर गर्ने प्रयत्न गरेको छ। यसको पहिलो खण्डमा सम्झौताको नालीबेली प्रस्तुत गरिएको छ, जसमा सम्झौताको संक्षिप्त विवरण, नेपाललाई भन्दा पनि भारतलाई यसको आवश्यकता, सम्झौतामा रहेका कमी-कमजोरी, र सम्झौता गर्दा नेपालको परिवेशलाई विश्लेषण गरिएको छ। दोस्रो खण्डमा गण्डक परियोजनाले सिर्जेको समस्या र यसले गण्डकवासीमा पार्न थालेको दीर्घकालीन प्रभाव, संघर्ष समितिको जन्म, विस्तार, आन्दोलनको थालनी, र ३४ दिनसम्म भारतको पानी थुनेर गरिएको भारतविरोधी पानी आन्दोलनको नालीबेली समेटिएको छ। तेस्रो खण्डमा संघर्ष समितिले गरेको आन्दोलनको प्रभाव-परिणाम, भारतीय पक्षको दृष्टिकोणमा आएको परिवर्तन, गण्डक क्षेत्रमा हुन थालेको सुधारको काम, गुणस्तरहीन काममा संलग्न भारतीय कर्मचारी तथा ठेकेदारमाथि हुन थालेको विभागीय कडा कारबाही, र नेपाल सरकारको सहयोगको अभावका कुरा समेटिएको छ। चौथो खण्डमा संघर्ष समितिको संघर्ष यात्रामा प्राप्त उपलब्धिका साथै चुनौती र आगामी कार्यभारलाई समेटिएको छ। अन्तिममा निष्कर्ष खण्ड रहेको छ।

## गण्डक सम्झौताको नालीबेली

नेपाल र भारतबीच मंसिर १९, २०१६ (डिसेम्बर ४, १९५९) शुक्रबार बेलुका काठमाडौँमा गण्डक सिँचाइ र विद्युत शक्ति योजना नामक सम्झौता भयो जसलाई गण्डक सम्झौता भनिन्छ। यस द्विपक्षीय सम्झौता दुवै देशमा सिँचाइ गर्ने, बाढी नियन्त्रण गर्ने तथा जलविद्युत उत्पादनमा लक्षित छ। सम्झौता नवलपरासीको भू-भाग हुँदै भारततर्फ बगेको नारायणी नदीमा आधारित छ।

नारायणी नदी नेपालका ठूला नदी मध्येको एक हो। यो नदी नेपालमा सप्तगण्डकी र भारतमा गण्डकका नामले चिनिन्छ। यसमा नेपालको पूर्वमा रसुवादेखि पश्चिममा मुस्ताङ सम्मका नदी (त्रिशूली, बुढीगण्डकी, मर्स्याङ्दी, मादी, सेतीगण्डकी, दरौँदी र कालीगण्डकी) नारायणी नदीमा मिसिएका छन्। नारायणी नदीको लम्बाइ ६३० किलोमिटर र कुल जलाधार क्षेत्र ४६ हजार ३ सय वर्ग किलोमिटर छ। यसको मुहान समुद्री सतहदेखि ६,२२८ मिटरको उचाइमा रहेको छ। त्यसमध्ये ९० प्रतिशत भू-भाग नेपालमा पर्दछ भने बाँकी १० प्रतिशत चीनमा पर्दछ। नदी तटमा नेपालमा लोमन्थाङ, जोमसोम, बेनी, कुश्मा, रिडी, देवघाट, नारायणगढ, वाल्मीकिनगर, त्रिवेणी र भारतमा हाजीपुर, बगहा र सोनपुर शहर बसेको छ।

दुवै देशको समान हित हुने गरी सम्झौतालाई मुख्य तीन काममा लक्षित हुने गरी उद्देश्य निर्धारण गरिएको छ । ती उद्देश्य हुन्– नेपाल र भारत दुवै देशमा सिँचाइ सुविधा बिस्तार गरी कृषि उत्पादन बढाइने, जल विद्युत् उत्पादन गरी ऊर्जाको समस्या समाधानमा सहयोग पुऱ्याउने र नेपाल भारत दुवै देशमा बाढी नियन्त्रण गरिने ।

सम्झौतामा नेपाल सरकारका तत्कालीन उपप्रधानमन्त्री सुवर्ण शमशेर जबरा तथा नेपालका लागि भारतीय राजदूत भगवान सहायले संयुक्त हस्ताक्षर गरेका हुन् । सन् १९६४ बाट गण्डक क्षेत्रमा ब्यारेज, नहर, अग्ला बाँध, ठूला नहर, तटबन्ध, ठोकर, साइफन तथा जलविद्युत केन्द्रको लागि सडक, पुलपुलेसा जस्ता संरचनाको निर्माण आरम्भ गरिए । अप्रिल ३०, १९६४ मा नेपाल भारतबीच सम्झौता परिमार्जन गर्ने सहमति भई बुँदा नं. ९ मा संशोधन गरियो तथा बुँदा नं. १० लाई हटाइयो । नेपाली, अंग्रेजी र हिन्दी भाषामा तयार पारिएको सम्झौतामा कुनै विवाद उत्पन्न भए अंग्रेजी भाषामा लेखिएको सम्झौता पत्रलाई आधार मानेर विवाद समाधान गरिने भनिएको छ ।

संरचना निर्माणका लागि आवश्यक पर्ने जग्गा भारत सरकारलाई नेपाल सरकारले उपलब्ध गराउने[२] र सो जग्गाको उचित मुआब्जा अथवा क्षतिपूर्ति भारत सरकारले दिने भनिएको छ । सम्झौताको दफा २ 'ख' मा संरचनाका कारण उत्पन्न जोखिम वा संरचनाका कारण कुनै प्रकारको क्षति हुन गए क्षतिपूर्ति भारत सरकारले दिने व्यवस्था गरिएको छ । तर उपल्लो तटीय अधिकार खोसिएको, पानीको असमान वितरण गरिएको र नियन्त्रणको अधिकार एकलौटी रूपमा भारतमा निहित रहेकाले समस्या उत्पन्न भयो । सम्झौतालाई समय सापेक्ष संशोधन गरी परिमार्जन गर्दै जाने प्रावधान समेत नराखिएका कारण सम्झौताको पुनरावलोकन गर्नुपर्ने माग उठेको छ ।

## *भारतका लागि गण्डक सम्झौताको आवश्यकता*

नारायणी नदीको क्षमताको सम्भाव्यता अहिले मात्र होइन, भारतमा शासनमा रहेका बेला ब्रिटेनले पनि अध्ययन गरेको थियो । भारतमा सिँचाइ पुऱ्याउन करिब छ वर्ष लगाएर सन् १९०९ मा त्रिवेणी नामक एक नहर सञ्चालनमा ल्याइएको थियो । हाल ब्यारेज रहेको स्थानबाट करिब एक हजार फीट माथिपट्टि बनाइएको सो नहरले उद्देश्य अनुरूप काम नगरेपछि भारतले सन् १९५८ मा असफल घोषित गऱ्यो । नारायणी नदीको पानीमा गिद्धे

[२] भारतले गण्डकमा बाढी नियन्त्रणका लागि ए गैप, बी गैप, लिंक बाँध र नेपाल बाँधको संरचना बनाउँदा ३२५ बिघा २ कट्ठा जग्गा तथा सिँचाइका लागि मुख्य गण्डक पश्चिमी नहर बनाउँदा ७६६ बिघा ११ कट्ठा ९ धुर गरी १,०९१ बिघा १३ कट्ठा ९ धुर जग्गा ओगटेको छ । लिजमा लिएको यस जग्गाको मालपोत भारतले तिर्ने व्यवस्था छ । मालपोत तिरी रहुञ्जेलसम्म यो जग्गा भारतको प्रयोगमा रहने गरी असिमित समयका लागि सम्झौता गरिएको देखिन्छ ।

दृष्टि गाडेको भारतले पुनः अर्को प्रयास गऱ्यो । उत्तर प्रदेशमा सिँचाइका लागि भारतीय भूमिको वसुली हेडबाट र विहार राज्यका लागि वाल्मीकिनगरबाट नहर निर्माण गरिएको थियो तर त्यो नहर पनि सफल हुन सकेन ।

सन् १९४७ मा स्वतन्त्र भारतको अन्तरिम सरकारमा कृषिमन्त्री रहेका राजेन्द्र प्रसाद (पछि भारतका राष्ट्रपति बनेका) ले नारायणी नदीको सम्भाव्यता अध्ययन तथा योजना निर्माणका लागि विहार सरकारलाई आदेश दिएका थिए । यसरी सन् १९४७ देखि बृहत् गण्डक परियोजनाको तयारीमा लागेको भारतले सन् १९५१ अर्थात् वि.सं. २००८ मा नेपाल सरकारलाई परियोजना निर्माणका लागि पहिलो मस्यौदा पेश गऱ्यो । यो समय नेपालमा राजनीतिक अस्थिरता थियो । राणा शासन अन्त्य भएर वि.सं. २००७ देखि २०१५ सालसम्म देश राजनीतिक अन्तरद्वन्द्वमा रुमल्लिएको थियो । जननिर्वाचित सरकार बन्न सकिरहेको थिएन । यसबीच गण्डक सम्झौताका लागि भारतले पटक-पटक प्रयास गरे पनि नेपालमा जननिर्वाचित सरकार नभएका कारण सम्झौता हुन सकेको थिएन । यस अवधिमा भारतीय पक्षले गण्डक सम्झौताबाट नेपाललाई पुग्ने फाइदाबारे ध्यानाकर्षण गराइरह्यो । २७ लाख ३२ हजार एकड भारतीय भूमिमा सिँचाइ पुग्नुका साथै नेपालको पनि १ लाख ४३ हजार ५ सय एकड भूमिमा सिँचाइ पुग्नेछ र परियोजना सम्पन्न गर्न चाहिने ५०.५ करोड भारतीय मुद्राको पूरै रकम भारतले नै खर्च गर्ने भनेर नेपाल पक्षलाई लोभ्याइरह्यो । परियोजनाबाट नवलपरासी, रुपन्देही, कपिलवस्तु, बारा, पर्सा र रौतहट जिल्लालाई सिँचाइ पुग्ने भनिएको थियो ।

नेपाल सरकारले सम्झौताको विशेष अध्ययन तथा विश्लेषण नगरी भारत सँगको सम्बन्ध सुमधुर रहिरहने ठानेर २०१६ सालमा विश्वेश्वरप्रसाद कोइरालाले नेतृत्व गरेको नेपालको प्रथम जननिर्वाचित सरकारले सम्झौताको लागि स्वीकृति दियो । वि.सं. २०१६ मा सम्झौता सम्पन्न भएपछि बनेका सरकारले पनि भारत सँगको सुमधुर व्यवहारको अपेक्षाका कारण सम्झौतामा रहेका कमी-कमजोरी सुधारका लागि दबाब दिन सकेनन् ।

## *असमान व्यवस्थाको विरोध*

नेपाल र भारतबीच जननिर्वाचित सरकारकै संलग्नतामा गण्डक सम्झौता त भयो तर त्यो विविध कारणले नेपाली पक्षले खुला हृदयले स्वागत गर्ने खालको भएन । सम्झौतापत्र नेपाली, हिन्दी र अंग्रेजी गरी तीन भाषामा लेखियो तर नेपाली र अंग्रेजी भाषाको लिखतमा समानता छैन । फरक अर्थ लाग्ने शब्द प्रयोग गरिएको छ । नेपाली भाषामा "समान हित" हुने शब्द राखिएको छ भने अंग्रेजी भाषामा "कमन इन्ट्रेष्ट" शब्द प्रयोग गरिएको छ । यसले समान अधिकार कायम गर्दैन ।

नेपाली भाषामा लेखिएको सम्झौताको प्रस्तावनामा लेखिएको छ, "नहरहरू निकाल्दा भारत र नेपाल दुवैको समान हित हुने भनी भारत सरकार र श्री ५ को सरकार नेपालले विचार गरेकाले दुवैको समान हितको दृष्टिकोणबाट नेपाल अधिराज्यका सिमानाभित्र पर्ने जतिमा यसै सम्झौतासाथ ... ।" अंग्रेजी भाषामा लेखिएको सम्झौताको प्रस्तावनामा लेखिएको छ, "Whereas his Majesty's Government of Nepal and Government of India consider that it is in the common interests of both Nepal and India." दुई भाषाको सम्झौतामा यसरी फरक अर्थ लाग्ने शब्द प्रयोग गरिरहँदा दफा १३ को अन्तमा यसरी लेखिएको छ- "अर्थ व्याख्या गर्नु परेमा अंग्रेजी भाषालाई मान्यता दिइने छ ।" यसरी सम्झौताको प्रस्तावनामा नै नेपाल पक्ष ठगिएको छ । सम्झौता नारायणी नदीको नाममा हुनुपर्नेमा गण्डकको नाममा गरियो । यस नदीलाई भारतमा गण्डक भनिन्छ । नेपाली नदीसँग सम्बन्धित सम्झौता गरिँदा नेपाली नदीको सट्टा भारतीय नाम राखिएको छ । सम्झौतामा नेपाललाई थोरै पानी र भारतलाई धेरै पानी दिने गरी पानीको असमान वितरण गरिएको छ । सिँचाइका लागि भारतलाई ३३,६४५ क्युसेक पानी दिइने र नेपालका लागि १,२१६ क्युसेक मात्र पानी दिने व्यवस्था गरिएको छ ।

नारायणी नदीमा मिसिने माथिल्ला नदीहरूको पानी प्रयोग गर्न नपाउने अथवा ती नदीका पानीको बहाव परिवर्तन गरी अर्कै प्रयोजनमा लगाउन नपाउने बाध्यात्मक व्यवस्था समेत गरिएको छ । नारायणी नदीमा बाँध, ब्यारेज वा पुल बनाउनु परेमा भारतको पूर्वस्वीकृति लिनुपर्ने रहेछ । यसले नदी माथिको उपल्लो तटीय अधिकार नेपालले सदाका लागि गुमाएको छ ।

गण्डक सम्झौताको मुख्य आधार नारायणी नदी हो । नारायणी नदीलाई नेपाल भारत दुवै देशको सीमा मानिएको छ । नदी क्षेत्रमा सीमा स्तम्भ छैन । नदीले बर्सेनि धार फेर्छ । नदी नेपाली भू-भागतर्फ सर्दै गएपछि सीमा पनि नेपालतर्फ धकेलिँदैछ । यसरी नदी पारिको भू-भाग भारततर्फ पर्न गएको छ । ती भूमिमा भारतीय कब्जा बढ्दैछ । नदी तटसम्म कब्जा जमाउँदै आएको भारतसित सुस्तामा सीमा विवाद छ । सुस्तावासीले सास्ती खेप्नु परेको छ ।

गण्डक परियोजनाको सबै संरचनामाथि भारतको नियन्त्रण छ । यही एकाधिकारका कारण भारतले चाहेको बेला नहरको पानी सञ्चालन गर्ने वा बन्द गर्ने गरेको छ । मर्मत सम्भार तथा निर्माणका लागि कमाण्ड क्षेत्रको जुनसुकै सडक, पुलपुलेसा, साइफन, ब्यारेज र नहर आफूखुसी चाहे जति समय सम्मका लागि बन्द गर्ने गरेको छ । मुख्य गण्डक पश्चिमी नहरको पानी मर्मत सम्भारको लागि बन्द गर्दा सुर्यपुरामा रहेको १५ मेगावाट क्षमताको जलविद्युत् केन्द्रको उत्पादन महिनौँसम्म ठप्प हुन जान्छ । यसले गर्दा नेपाल सरकारले लाखौँको क्षति बेहोर्नु परेको छ ।

यसरी सम्झौतामा विद्यमान असमान व्यवस्थाका कारण नेपाल ठगिएको भन्दै बेलाबेला विरोध हुँदै आएको छ । यो सम्झौता नेपाली जनताको हकहितमा छैन भन्दै पूर्व प्रधानमन्त्री के.आई. सिंहले विरोध गरेका थिए । २०१७ सालमा गण्डक सम्झौताको खारेजीको माग गर्दै नेपाल कम्युनिस्ट पार्टीले सडक र सदनबाट विरोध गरेको थियो । कम्युनिस्ट नेता मदनबहादुर प्रधानले स्थानीय जनताहरूद्वारा यस सम्झौताको विरोध गर्दै त्रिवेणीमा ब्यानर र झन्डा प्रदर्शन गरेका थिए । विडम्बना, सम्झौताको विरोध गर्ने नेता तथा दल आफू सत्तासीन भएपछि भारत रिसाउँछ भनेर कुरा उठाउन डराउँछन् ।

## गण्डक-पीडितहरूको संघर्ष समितिको जन्म

गण्डकवासीले लामो समयदेखि डुबान, कटान, पटान र बाढीलाई सहँदै आएका छन् । यी समस्या समाधानका लागि नेपाल सरकारका निकायलाई गुहार्दा गण्डक क्षेत्र भएकाले यस क्षेत्रमा नेपाल सरकारले काम गर्न नमिल्ने बताएको थियो । सन् २००२ (वि.सं.२०५९) मा बाढी आएको बेला २३ जुलाईमा त्रिवेणी बजार नजिकै नारायणी नदीको दायाँ तर्फको बाँध भत्कियो । बाढी गाउँ बस्तीमा पस्यो । त्रिवेणी सुस्ता, रुपौलिया, कुडिया लगायतका क्षेत्र डुबायो । डुबानमा परेकाहरू छरछिमेकमा अग्ला स्थानमा पाल टाँगेर आश्रय लिए । पछिपछि मानिस आ-आफ्नो घर फर्के तर बालीनाली बचाउन सकेनन् । पूर्णतः नष्ट भयो ।

त्यस बेला ६ लाख २९ हजार ५० क्युसेक पानीको बहाव रहेको पानी मापन केन्द्रले जनायो । यद्यपि यस बाँधलाई ८ लाख ५० हजार क्युसेक क्षमतामा निर्माण गरिएको थियो । मूल बाँध यति थोरै पानीको बहावले भत्काएपछि तटीय क्षेत्रका बासिन्दाले नदीको उच्च जोखिममा बाँचिरहेको महसुस गरे । रक्षाकवच मानिएको बाँध भत्केर सिर्जना भएको त्रास र कहाली स्थानीयवासीको मनमा अहिले पनि कायमै छ ।

सम्झौताको ४३ वर्षको अवधिमा पहिलो पटक बाँध भत्किएको थियो । त्यस घटनाले पारेको प्रभावको निरीक्षण गर्न भारत विहारका राज्यमन्त्री जगतानन्द सिंह नेपाल आएका थिए । उनले भेला भएका प्रभावित क्षेत्रका पीडितलाई क्षतिपूर्ति दिइने वचनबद्धता व्यक्त गरे । तर १७ वर्ष बितिसक्दा पनि क्षतिपूर्ति भने पाइएको छैन ।

बाँध भत्केको घटनाले वर्षौं पुराना भौतिक संरचना कमजोर भइसकेको साबित गऱ्यो । सन् १९६४ मा ब्यारेजको शिलान्यास भएपछि बनाइएका संरचनाहरूको नियमित रेखदेख र मर्मत हुनुपर्ने थियो तर त्यस अनुसार भएन । जबकि सबै संरचनाको रेखदेख गर्न भारतीय कर्मचारी खटाइएको छ । तिनले नेपाल पक्षलाई प्राथमिकतामा नराखेको र नेपाल तर्फको जोखिमलाई बेवास्ता गरेको देखियो । समयमा मर्मत सम्भार नगर्ने ती भारतीय कर्मचारीको ध्यान खास गरी मूल बाँध ए गैप, बी गैप, गण्डक नहर र ब्यारेजमा केन्द्रित रहन्थ्यो जुन भारतलाई प्रत्यक्ष असर पार्ने खालका छन् । बाँध, स्पर/ठोकरमा कटानजस्ता

समस्या देखिएपछि उनीहरू तीव्रताका साथ मर्मत सम्भारमा जुट्थे । आवश्यक परे रातारात आपतकालीन व्यवस्था पनि गरिन्थ्यो । यसका लागि वर्षा याममा भारतीय इन्जिनियरहरूको टोली नेपालमै बसेर प्रत्यक्ष निगरानी गर्दथ्यो ।

वि.सं. २०५९ मा बाँध भत्केपछि नेपालीहरूले अब आफूहरू सजग रहनुपर्ने पाठ सिके । यसले उनीहरूलाई भारतसित आफ्नो अधिकार माग्न उत्प्रेरित गऱ्यो । पीडितहरूबीच चर्चा परिचर्चा र छलफल हुँदा आफ्नो अधिकार माग्ने कुरा चल्न थाल्यो । चौकचौराहा जस्ता जमघट हुने स्थानमा गण्डक अधिकारबारे कुरा उठ्न थाले । जिज्ञासा राख्ने, सवाल उठान गर्ने, एकजुट हुनुपर्नेमा बहस हुन थाल्यो ।

असोज १८, २०६१ मा बेलाटारीमा त्रिभुवन क्याम्पसको भवन शिलान्यास गर्न आएकी थिइन् भारतीय दूतावासकी ईसी कन्सुलर खेया भट्टाचार्य । गण्डक पीडाबाट जुरमुरिएका ८ जना सचेत व्यक्तिहरूको समूहले उनलाई एउटा खुला पत्र बुझायो ।[३] खुलापत्रमा गण्डकमा भारतले गर्नुपर्ने सरसफाइ, मर्मत सम्भार, पुनर्निर्माण तथा जीर्णोद्धारको काम समयमै नगरेको कारण गण्डकवासी नेपालीले दु:ख पाएको जनाउँदै बेलैमा काम गरिदिन माग गरिएको थियो । सम्झौता पूर्ण रूपमा कार्यान्वयन गर्न भारतको ध्यानाकर्षण गराइएको थियो ।

कन्सुलर भट्टाचार्यले भारत सरकारलाई यसको जानकारी गराउने प्रतिबद्धता जाहेर गरिन् । तर उनीसँगै आएका नेपाल सद्भावना पार्टीबाट निर्वाचित जिल्लाका तत्कालीन सांसदलाई यसरी खुलापत्र दिइएको कुरा पचेन । उनले खुलापत्र बुझाउनेहरूलाई मञ्चबाटै गाली गरे । आक्रोशित मुद्रामा रिस पोख्दै हिन्दी भाषामा उनले भाषण गरे, "चले आते हैं लोग भिख मागने । दम है तो अपने पार्टी से क्यो नही मागते ? जो ईतना दूर से चलकर यहां स्वयं कुछ देने आया है, खुलापत्र देकर उसीको चिढा रहे हैं ।"

आफ्नै क्षेत्रका जनताको हितविपरीत सांसदले किन बोलेका होलान् ? स्थानीय जनता छक्क परे भने खुलापत्र दिने सचेत समूह झस्कियो । उनले आफूलाई भारतको सहयोगी साबित गर्न र भारतलाई खुसी पार्न यस्तो अभिव्यक्ति दिएका हुन् भन्ने धेरैले बुझे । यस्ता अपमानजनक भाषणले सचेत समूहका सदस्यहरूलाई नकारात्मक रूपमा ऊर्जा र प्रेरणा दियो । सचेत समूहका सदस्य दूधनाथ गुप्ता भन्छन् :

> सांसदको प्रतिक्रिया देखेर झनै शंका उब्जियो । उनी यसै क्षेत्रबाट जननिर्वाचित सांसद हुँदाहुँदै पनि गण्डकमा जनताको हित विपरीत किन बोलेका होलान् ? यसरी बोल्नुको पछाडिको रहस्य के रहेछ भनेर हामी खोतल्नमा लागिपऱ्यौँ ।

[३] हेर्नुहोस्, अनुसूची १ । खुलापत्रमा हस्ताक्षर गर्नेहरू, दीपकराज शर्मा, प्रेमचन्द्र गुप्ता, सुधिरप्रसाद पाण्डे, दूधनाथ गुप्ता, विष्णुप्रसाद उपाध्याय, वेदप्रकाश मिश्र, मीनबहादुर कार्की र खड्गबहादुर चौधरी थिए ।

हामीले अठोट गऱ्यौँ यति पीडाका बाबजूद पनि चुप लाग्नु नामर्दीपन हुनेछ । अब चुप लागेर होइन लडेर हकअधिकार सुनिश्चित गराउनुपर्छ । यसरी हामीले स्थानीय बासिन्दालाई सजग गराउन अगाडि बढ्यौँ । गण्डकमा नेपालीको के कस्तो अधिकार उल्लेख गरिएको रहेछ भनी पत्ता लगाउन सम्झौताको दस्तावेजको खोजीमा लाग्यौँ । काठमाडौँ पुगेर भारतीय दूतावासबाट ल्याई दफावार अध्ययन गऱ्यौँ । यो सबै काम गर्नमा हामीलाई करिब दुई वर्षको समय लाग्यो ।

सम्झौताको अध्ययन पश्चात् गण्डक पीडाको समाधान खोज्न जेठ १०, २०६३ मा नारायणी नदीको ठोकर नं. १२ मा गण्डक पीडितहरूको भेला बोलाइयो । तीन सय जनाभन्दा बढी गण्डक पीडितको जमघटमा कैयौँ व्यक्तिले आ-आफ्ना विचार प्रकट गरे । गण्डक पीडाको समाधान खोज्न चुप लागेर बस्न हुँदैन आन्दोलन गर्नु परे साथ दिन तयार छौँ भन्नेहरू धेरै थिए । यसरी जनदबाब बढेपछि भेलाले एउटा समितिको गठन गऱ्यो ।[४] समितिको नाम "गण्डक नदी नियन्त्रण संघर्ष समिति, नवलपरासी" राखियो ।

### *संघर्ष समितिको विस्तार*

भेलाले साबिक नरसही गाविसका पूर्व गाविस अध्यक्ष आषुतोषजंग राणाको नेतृत्वमा ११ सदस्यीय संघर्ष समितिको गठन गऱ्यो ।[५] यो गण्डक सम्झौता कार्यान्वयन गराउन स्थानीयवासीले संघर्षका लागि बनाएको पहिलो समिति हो । समितिलाई समस्या समाधानका लागि बलियो जनादेश थियो । सक्रियताका साथ कामलाई अगाडि बढाउन समितिलाई आवश्यक पर्ने रकमको व्यवस्था गरियो । नारायणी नदीका तटवर्ती गाविसहरू त्रिवेणी सुस्ता, कुडिया, नरसही र पकलिहवालाई रु. दश/दश हजार र कमाण्ड क्षेत्रका अन्य गाविससँग रु. पाँच/पाँच हजार रुपैयाँ चन्दा सहयोग माग्ने समेत निर्णय गरियो । चन्दा सहयोग रकम कति उठ्यो वा उठेन, यसको विवरण भने भेटिँदैन ।

समितिले जनताको चाहना अनुरूप काम गर्न सकेन । त्यसले न पीडाको जरो खोतल्न सक्यो, न त पीडाको समाधानै गर्न सक्यो । कहाँसम्म भने बैठकलाई समेत निरन्तरता दिन सकेन । समितिका कोषाध्यक्ष गोपाल गुरुङका अनुसार यसको मुख्य कारण थियो, समितिका अध्यक्ष राणा भारतीय ठेकेदारहरूबाट सानातिना ठेक्का लिएर काम गर्ने पेटी

[४] त्यस भेलाको उपस्थिति र निर्णय संघर्ष समितिसित सुरक्षित छ ।

[५] समितिको अध्यक्षमा आषुतोषजंग राणा, सचिव एवं प्रवक्तामा प्रेमचन्द्र गुप्ता, कोषाध्यक्षमा गोपाल गुरुङ, सहसचिवमा शैलेन्द्र कुमार शर्मा, सदस्यमा केबी थापा, शम्भुप्रसाद रौनियार, गोपालचन्द्र ढकाल, गौरीशंकर कुशवाहा र कमरुद्दिन अन्सारी लगायत सर्वसम्मत चयन भए । दूधनाथ गुप्तालाई सल्लाहकार बनाइयो ।

ठेकेदार हुनु ।[६] भारतलाई दबाब दिनु भनेको भारतको विरोध गरे जस्तो हुने भएकोले उनले दबाब दिन सकेनन् । स्थानीयले ठानेका थिए—पूर्व गाविस अध्यक्ष भएकोले उनी हैसियतवाला छन् । उनी भारतीय पक्षलाई दबाब दिएर गण्डकमा राम्रा काम गराउन सक्छन् । अपेक्षा अनुसारको काम गर्न नसकेपछि उनको विरोधमा स्वर मुखरित भयो । उनले गण्डक-पीडितका लागि काम गर्न नसकेको आरोप लाग्यो ।

दुई वर्षको अवधिमा खासै उपलब्धि नदेखिएपछि समितिका कोषाध्यक्ष गोपाल गुरुङले पहल गरे । समितिलाई सक्रिय बनाउनुपर्छ भनेर सक्रिय भएपछि उनले जनसमर्थन पाए । जेठ ८, २०६५ मा कुडिया गाविसको 'बी गैप' कालोनी चोकमा गण्डक पीडितहरूको भेला बोलाइयो । भेलाले रामबरन केवटको अध्यक्षतामा समितिको पुनर्गठन गऱ्यो । गोपाल गुरुङ फेरि कोषाध्यक्ष, प्रेमचन्द्र गुप्तालाई सचिव तथा प्रवक्ता पदको जिम्मेवारी दियो । दूधनाथ गुप्तालाई वरिष्ठ सल्लाहकार बनाइयो ।

भेलामा गण्डक समस्या उपर बृहत् छलफल भयो । समस्या समाधानका लागि धेरै विचार र तर्क आए, तर समाधानको शान्तिपूर्ण निकास पाउन सकिएन । निष्कर्षमा आएका विचार थिए—नेपाल सरकारको लेखापढीलाई भारत सरकार टेर्दैन र सम्झौताको भावना अनुरूप भारतले काम पनि गर्दैन । अब हामी गण्डक पीडितहरू के गर्ने ? सधैँभरि यस्तै पीडा भोगिरहने ? यस्ता सवालले गण्डक पीडित आन्दोलित हुने वातावरण सिर्जना गऱ्यो । भेलाले हरेक पाइलामा समितिलाई साथ दिने वाचा गऱ्यो । अन्ततः आन्दोलनमा उत्रने निर्णय भयो । जेठ ११ देखि "पानी रोकौँ" आन्दोलन गर्ने कठोर निर्णय गऱ्यो । यसका लागि जेठ ९ का दिन पत्रकार सम्मेलन गरी पाँच चरणका आन्दोलनका कार्यक्रम सार्वजनिक गऱ्यो । यसरी जेठ ११, २०६५ देखि पानी रोकौँ आन्दोलन शुरू भयो ।

## *"पानी रोकौँ" आन्दोलनका कार्यक्रम र चुनौती*

जेठ ११, २०६५ मा त्रिवेणी ब्यारेजमा नाकाबन्दी गर्ने कार्यक्रम राखियो । नेपाल भारतको सीमामा पीडितहरू एकत्रित हुने र नेपाल भारतबीच आवतजावत दिनभरि ठप्प पार्ने योजना थियो । योजना मुताबिक हजारौँको संख्यामा पीडितहरूले आवागमन ठप्प पारे । उपभोग्य वस्तु खरिद गर्न आउने जानेहरूले सास्ती भोगे । औषधी उपचारका लागि जानेहरू ठूलो मर्कामा परे ।

जेठ ११ मा मुख्य गण्डक पश्चिमी नहरमा बनेको सिल्ट इजेक्टरमा ताला लगाउने कार्यक्रम थियो । नहरको पानीमा आउने बालुवा छान्न ब्यारेजदेखि अलि पर रानीनगर गाउँ नजिकै सिल्ट इजेक्टर लगाइएको छ । कमाण्ड क्षेत्रका गाउँ-गाउँबाट आएका जनताले

[६] गुरुङसँग सुस्ता गाविसको नरसहीमा जेठ ७, २०७६ मा गरिएको कुराकानी ।

सिल्ट इजेक्टरमा ताला लगाए । यस बेला नहरको सफाइका लागि पानी बन्द गरिएको अवस्था थियो ।

जेठ १३ देखि अनिश्चितकालीन धर्ना बस्ने कार्यक्रम बनाइयो । हरेक वर्ष मे महिनामा २५ दिनका लागि नहरमा पानी बन्द गरिन्छ । भारतले यस बेला नहर मर्मत तथा सफाइको काम गर्छ । सधैँ झैँ पानी बन्द गरेको मौकामा रानी नगर नजिकै रहेको सिल्ट इजेक्टरका लागि बनाइएको पक्की संरचनामाथि टेन्ट टाँगेर नहरको पेटीमा आन्दोलनकारीहरू धर्ना बसे । २१ बुँदे माग सहित भएको आन्दोलन ३४ दिनसम्म चल्यो (हेर्नुहोस् अनुसूची २) ।

गण्डक नदी नियन्त्रण संघर्ष समितिले पानी रोकौँ आन्दोलनको क्रममा भारत जाने मुख्य नहरको पानी रोक्नु सहज थिएन । हिन्दीमा उखान छ, "मरता क्या नही करता !" समाधानको कुनै उपाय ननिस्किएपछि सबै जोखिम मोल्दै धर्ना आन्दोलन थालिएको थियो । धर्नाको सिलसिलामा धेरै चुनौती सामना गर्नुपर्‍यो । प्रमुख रूपमा सामुन्ने आएका केही समस्या आज पनि धर्नाकर्ताहरू सम्झन्छन् ।

नहरको पेटीमा टेन्ट टाँगेर धर्ना बसेको विरोधमा एक समूह देखापर्‍यो । भारत जाने पानी रोक्न पाइँदैन भन्दै नेपाल सद्भावना पार्टीका नेता तथा तत्कालीन सांसदको उक्साहटमा नन्दलाल मिश्रको नेतृत्वमा उक्त समूह सक्रिय भयो । उक्त समूहले प्रभुनाथ कुशवाहा सहितका १६० जनाको हस्ताक्षर गरिएको ज्ञापनपत्र प्रमुख जिल्ला अधिकारी नवलपरासीलाई दिँदै धर्ना रोक्न दबाब दिन थाल्यो । भारत सँगको व्यवहारमा खलल पारेकोले धर्ना बसेकालाई पक्राउ गरी भारतीय नहरमा पानी सुचारु गराउनुपर्ने तर्क दिन थालियो । तर प्रमुख जिल्ला अधिकारीले यो धर्ना किसानको मात्रै होइन देशको हितमा रहेकोले आफूले त्यसो गर्न नसक्ने बताएपछि धर्नाविरोधी समूहको योजना सफल हुन सकेन ।

त्यस समूहले धर्नाविरुद्ध अनेक भ्रम फैलाउन थाल्यो । केही व्यक्ति भ्रममा परेपछि अलमलिए । उनीहरूमध्ये केही धर्नामा जान छाडे । केही व्यक्ति बाली क्षतिको विवरण टिपाउन गएनन् । उनीहरू क्षतिपूर्ति पाउने सूचीबाट वञ्चित हुन पुगे ।

धर्ना विरोधी समूहले भारतीय प्रहरी प्रशासनलाई धर्नाविरुद्ध उठ्न प्रेरित गर्न थाल्यो । माहाराजगंज जिल्लाको निचलौलमा व्यवसाय गरी बसेका आन्दोलनका अगुवा दूधनाथ गुप्ताका छोरालाई भारतीय प्रहरी लगाएर बुबालाई धर्नाबाट पछाडि हटाउन दबाब दिइयो । यस्तो कार्यले धर्नाकारीलाई ठूलो मानसिक यातना दियो ।

सीमावर्ती नेपालीहरू किनमेलका लागि भारतीय बजारमा जाने गर्छन् । उनीहरूलाई भारतीय प्रहरीले धर्नामा बसेकालाई धर्नाबाट पछाडि हटाऊ नत्र आउँदो हप्ता किनमेल गर्न भारत आउन दिँदैनौँ भन्न थाले ।

धर्ना विरोधीहरूले अर्को हल्ला फैलाए—धर्नाकारीहरू सुतिरहेका बेला राति भारतले नहरमा पानी खोल्नेछ । धर्नाकारीहरूलाई पानीले बगाउने छ । यस्तो हल्लाले राति धर्ना बस्नेहरूलाई मानसिक त्रासमा पाऱ्यो ।

धर्नाकारीहरू हठात् आन्दोलनको घोषणा गरी धर्नामा बसे तर सघाउने आर्थिक कोष थिएन । केही दिन सम्मको खर्च व्यक्तिगत रूपमा धानियो । आन्दोलन लम्बिन थालेपछि आर्थिक कठिनाइ शुरू भयो । धर्नामा सहभागीको संख्या कम हुनु, सोचेको भन्दा अवधि लम्बिनु र धर्नाको पूर्वतयारी नहुनु संघर्ष समितिका लागि मुख्य चुनौती थिए ।

## *३४ दिने धर्नाको प्रभाव*

धर्नाका कारण भारतीय नहरको पानी रोकिएको बेला भनेको किसानको लागि महत्त्वपूर्ण समय थियो । जेठ २०६५ मा नहरमा पानी रोकिँदा धानको बीउ राख्न पानीको हाहाकार भयो । बीउ ब्याडमै सुक्न थालेकाले र रोपाइँ समेत प्रभावित हुन लागेका भारतीय किसानबीच खैलाबैला मच्चियो । पानीका लागि चिन्तित किसानहरूले भारतीय जिल्ला प्रशासन घेरे । भारतीय प्रशासनले दैनिक उपभोग्य सामग्री किनमेल गर्न सीमावर्ती बजार बहुआर, रेङहिया र ठुठीबारी आउने जाने नेपालीमाथि निगरानी बढायो । धर्ना चाँडै स्थगन गरिएन भने कुनै पनि सामान नेपाल पठाउन नदिने चेतावनी दियो ।

यता, धर्ना शुरू भएको दश दिनसम्म पनि भारतबाट कुनै प्रतिक्रिया आएन । करिब एक हप्तामा नतिजा आउने आकलन आन्दोलनकारीको थियो । छिटो परिणाम ननिस्किएपछि धर्ना कार्यक्रम असफल हुन सक्ने चिन्ता बढ्न थाल्यो । तयारी नपुगेकोले धर्नालाई व्यवस्थित गर्न गाह्रो हुन थाल्यो । भोलि धर्नामा को को बस्ने ? खाना खाजाको बन्दोबस्त कसरी गर्ने ? टुंगो लाग्न कठिन हुन थाल्यो । धर्ना कार्यक्रमको प्रचारप्रसार हुन नपाएकाले मानिस र रकम दुवैको अभाव हुन सक्ने चिन्ताबीच पनि धर्ना अगाडि बढिरह्यो । ऐक्यबद्धता जनाउन आउने किसान, पत्रकार, सामाजिक अगुवा, राजनीतिक व्यक्तिको बसाइका लागि टेन्टसँगै माइकको प्रबन्ध थिएन ।

धर्नाको समय कडा घाम लाग्ने गर्मीको मौसम थियो । घाम छल्न भारतीय बजारबाट टेन्ट ल्याइएको थियो । भाडा माग्न साहु आएपछि भाडा महँगो भन्ने थाहा भयो । धर्नामा सक्रिय रहेका दूधनाथ गुप्ता भन्छन् :

> टेन्टको भाडा माग्न आएको साहुले दैनिक पाँच सय भारु मागेपछि हामी त संकटमा पऱ्यौँ । आफैबीच चन्दा उठाइ भाडा तिऱ्यौँ र टेन्ट पनि फिर्ता गऱ्यौँ । बिनाटेन्ट धर्नामा बस्न सक्ने अवस्था थिएन । स्थानीय एक महिलाले हाम्रो समूहको टेन्ट छ, अलि सस्तो पर्छ भनेपछि दैनिक दुई सय भाडामा ल्यायौँ ।

१२ दिनसम्म धर्नामा यी बाहेक अरू खास समस्या आएन । समय लम्बिँदा पनि भारतले टेरेन भने तनाव बढ्न सक्ने पीर भने थियो । धर्ना स्थलमा खाना, खाजा र मानिसको अभाव हुन सक्ने चिन्ता बढ्न थाल्यो । आर्थिक सहयोग जुटाउन समितिका सचिव प्रेमचन्द्र गुप्तालाई जिम्मा लगाइयो । उखु किसानको बाहुल्य क्षेत्र भएकोले चिनी उद्योगपतिहरूसित चन्दा सहयोगको माग गरियो । किसानहरू संकटमा भएकोले चिनी मिलहरू इन्दिरा सुगर्स एण्ड एग्रो ईण्डष्ट्रिज गंगापुर, बाग्मती सुगर मिल कुडिया र लुम्बिनी चिनी मिल सुनवलले चन्दा सहयोग गरे । कसले कति रकम दिए, रेकर्ड भेटिएन ।

१२ औँ दिनदेखि २४ औँ दिन सम्मको दोस्रो चरणको धर्नामा मानिसको संख्या बढाउने प्रयत्न थालियो । कमाण्ड क्षेत्रमा २०५० देखि २०६४ साल सम्मको अवधिमा भएका बालीनालीको क्षति, जग्गा कटान र नगद वा जिन्सीको नोक्सानीको लगत तयार पार्ने रणनीति बन्यो । लगत तयार गरी भारत सरकारसित क्षतिपूर्ति माग गर्ने खबर पाएपछि धर्नास्थलमा नाम टिपाउन आउनेको भीड लाग्यो ।

नाम टिपाउनेको भीड बढेपछि समितिले स्वयंसेवक परिचालन गऱ्यो तर त्यतिले सम्भव भएन । थप स्वयंसेवक चाहिएपछि भूआर्जन तथा सम्पर्क कार्यालय वाल्मीकिनगरबाट दुई र जिल्ला सिँचाइ कार्यालय डिभिजन नं. ७ सेमरीबाट दुई जना कर्मचारीको सहयोग प्राप्त भयो ।[७] तर कमाण्ड क्षेत्रका सबै किसान एकै पटक आइदिँदा नाम दर्ताको काम सहज भएन । भीड नियन्त्रण गर्न गाह्रो भएपछि गाविस छुट्ट्याएर त्यस अनुसार मिति तोकेर नाम दर्ता शुरू गरियो । किसानहरू क्रमशः आउन थालेपछि धर्ना स्थलमा मानिसको अभाव हुने समस्या पनि टऱ्यो ।

उता, आन्दोलन लम्बिँदै जाँदा भारतमा किसानले धान खेती गर्न पानी नपाएर हाहाकार मच्चियो । त्यसको दबाबले भारतीय पक्षबाट वार्ताको लागि सन्देश आयो । सन्देशलाई आन्दोलनकारीले सहज रूपमा लिए । उत्तर प्रदेश महाराजगंज जिल्लाका उपजिल्ला अधिकारी वृजराजसिंह यादवको पहलमा नवलपरासीका तत्कालीन निमित्त प्रमुख जिल्ला अधिकारी नन्दीकेशर त्रिपाठीको संयोजकत्वमा जिल्ला प्रशासन कार्यालय नवलपरासीको कार्यालय परासीमा वार्ताका लागि बैठक बस्यो । बैठकमा उत्तर प्रदेश, विहार र नेपालका सिँचाइ विभागका कर्मचारी, प्रशासनिक अधिकारी तथा संघर्ष समितिका पदाधिकारी

[७] त्यस बखत भूआर्जन तथा सम्पर्क अधिकारी आनन्द पराजुली र जिल्ला सिँचाइ कार्यालय डिभिजन नं. ७ सेमरीमा प्रमुख देवनारायण मिश्र कार्यरत थिए ।

सर्वदलीय राजनीतिक दलको सहभागिता रहेको थियो । छलफल लामो समयसम्म चले पनि सफलता मिलेन । वार्ता असफल भएकोले आन्दोलन जारी रह्यो ।[८]

वार्ता असफल हुनु र आन्दोलन लम्बिँदै जानुले आन्दोलनकारीमा आक्रोश बढ्दै थियो । यस परिस्थितिमा नेपालको सिँचाइ विभागका वरिष्ठ इन्जिनियर विजयशंकर मिश्र धर्नास्थल पुग्दा घेराउमा परे । लामो समयसम्म धर्ना बस्दा पनि नेपाल सरकारले वास्ता नगरेको भन्दै आक्रोशित आन्दोलनकारीले उनलाई झन्डै छ घण्टा बन्धक जस्तै बनाए । जिल्ला प्रशासनको पहलमा मागेका सबै कागजात नेपाल सरकारलाई बुझाउने शर्तमा आन्दोलनकारीले उनलाई छाडे ।

विजयशंकर मिश्र धर्नास्थलबाट आन्दोलनकारीको मागपत्र लिई काठमाडौँ पुगेपछि सम्बन्धित निकायहरूको ध्यानाकर्षण हुन थाल्यो । विभिन्न निकायमा मात्रै होइन भारतसँग पनि पत्राचार हुन थाल्यो । नेपाल सरकार परराष्ट्र मन्त्रालयले जुन १६, २००८ मा भारतीय दूतावासलाई पत्र (पत्र संख्या ५ए/६३-६३९) पठायो । दूतावासका कन्सुलर हर्ष के. जैनले ज्वाईन्ट सेक्रेटरी नर्थ दिल्लीकी प्रीती शरणलाई सोही दिन पत्र पठाए । प्रीती शरणले भोलिपल्टै सो पत्र जल संसाधन मन्त्रालय पटना विहारका प्रधान सचिव अजय नायक, उत्तर प्रदेशका प्रधान सचिव जल संसाधन मन्त्रालय दिल्लीका एडिसनल सेक्रेटरी एस. मनोहरनको नाममा नं. २९३३/जेएससीएनजे/२००८ को पत्र पठाए । पत्र पाएपछि जुन २०, २००८ का दिन उत्तर प्रदेश तर्फका सम्बन्धित इन्जिनियरहरू धर्नास्थलमा पुगेर उपरोक्त जानकारी दिए । सबै पत्रका फोटोकपी दिँदै भारतमा आन्दोलनबारे बृहत् छलफल हुन थालेको र चाँडै निकास आउनेमा आश्वस्त गराउँदै वार्ताका लागि आग्रह गरे । त्यस दिन दुवै पक्षबीच सामान्य छलफल भयो । जुन २२ मा आधिकारिक व्यक्तिहरूका साथ धर्नास्थलमा आई उत्तर प्रदेशसँग सम्बन्धित बुँदामा काम गर्ने सहमति जनाएपछि ३४ औँ दिनमा आन्दोलन स्थगित गरियो । दुवै पक्षबीच २१ बुँदामा काम गर्ने सहमति भयो (हेर्नुहोस् अनुसूची ३) । समितिले २१ बुँदे सहमतिलाई महत्त्वपूर्ण उपलब्धिको रूपमा लिएको छ ।

[८] वार्तामा धर्ना समिति अध्यक्ष रामबरन केवटको नेतृत्वमा प्रेमचन्द्र गुप्ता, दूधनाथ गुप्ता, नन्दलाल गुप्ता, शैलेन्द्रकुमार शर्मा, गोपाल गुरुङ, कमरुद्दिन अन्सारी, गौरीशंकर कुशवाहा निरन्तर बसेका थिए । त्यसमा कृष्णबहादुर थापा, टुनाखर बस्याल, पवित्रा न्यौपाने, यज्ञप्रसाद देवकोटा, गोपालचन्द्र ढकाल, बुद्धिसागर उपाध्याय, वृजराज कुशवाहा, तुलसीराम न्यौपाने लगायत थुप्रै महिला पुरुषको समेत सहभागिता थियो ।

## गण्डक संघर्षका उपलब्धि

धर्नाकारीको नजरमा गण्डक समस्याको मूल जरो हो प्रविधि । निर्माण गर्दा साईफन, नाला, पुलपुलेसा ठीकै रहे होलान तर पछिपछि ती संरचनामा समस्या उत्पन्न हुन थाले । समयानुकूल अपडेट नगरिँदा समस्या जटिलतातर्फ उन्मुख हुँदै गयो । संरचनाले दु:ख दिने क्रम बढिरहँदा सम्बद्ध कर्मचारीले मर्मत सम्भारमा ध्यान नदिएकाले समस्या बल्झिदैँ गयो । पीडित एकत्रित भई आन्दोलित हुनुपऱ्यो । ३४ दिनसम्म नहरको पानी रोकिएपछि भारतीय पक्षसित २१ बुँदे सहमति भयो ।

सहमतिमा उल्लेख गरिएका कामलाई अल्प, मध्य र लामो अवधिमा सम्पन्न गरिने गरी काम विभाजन गरियो । अल्प अवधि र मध्य अवधिमा गरिने काममध्ये केही सम्पन्न गरिएका छन् तर लामो अवधिमा गरिने काम भएको छैन ।

२१ बुँदे सहमति भएलगत्तै भारतको विहार सरकारले डीपीआर (विस्तृत अध्ययन प्रतिवेदन) बनाई केन्द्र सरकार दिल्लीलाई पेस गऱ्यो । दिल्ली सरकारले सहमतिका २१ बुँदामध्ये १५ भन्दा बढी बुँदाको काम समेट्ने गरी “नेपाल हितकारी योजना” नामक एक परियोजना तयार गऱ्यो जुन भा.रु. १ अर्ब ७१ करोडको थियो । भारत सरकारले विहार र उत्तर प्रदेशलाई जिम्मा लगाउँदै योजना अगाडि बढायो । यसले गण्डकवासीमा भारतप्रति पर्न गएको निराशाजनक सोचमा परिवर्तन ल्यायो । भारतले अब चाहिँ गण्डकमा ध्यान दिन्छ भन्ने विश्वास लाग्न थाल्यो ।

### *नेपाल हितकारी योजना*

नेपाल हितकारी योजना अन्तर्गत विहार परियोजनाले गर्नुपर्ने कामको अलग्गै सूची छ । यसमा गण्डकस्थित ब्यारेज पुलदेखि त्रिवेणी बजारसम्म र त्रिवेणी बजारभित्र सडक कालोपत्रे गर्ने काम भारतीय पक्षले प्राथमिकतामा राख्यो । त्यस्तै, त्रिवेणी धामस्थित नारायणी नदीमा स्नान गर्ने श्रद्धालुहरूको सजिलोका लागि नदी तटमा सिँढीको निर्माण गर्नुपर्ने मागलाई समेटेको छ । त्यस्तै, नदी तटमा पर्खालको निर्माण गर्नुपर्ने, ठटिया खोलाको पुल निर्माण गर्ने, यस खोलाको किनारको सडक कालो पत्रे गर्ने, मूल सडकदेखि गाउँलाई जोड्ने एप्रोच रोड आठ किमी बनाउने, रानीनगर, गुदरिया, प्रतापपुर, टांकीकोट र सुर्यपुरामा नयाँ पक्की पुलको निर्माण गर्नुपर्ने, बालुवा जमेर पिँध अग्लो भइसकेको मुख्य पश्चिमी नहरको भित्री भागमा सफाइ र सुदृढीकरणको काम गर्नुपर्ने, यस नहरसँगै रहेको समानान्तर नालाको सफाइ र त्यसमा पुल निर्माणको काम गर्नुपर्ने, सिल्ट इजेक्टर नहरको सफाइ, मर्मत तथा पुछारमा ढुंगा पिचिंगको काम गर्नुपर्ने र खजुरा खोलाको सिल्ट सफाइ गर्ने काम नेपाल हितकारी योजनामा समेटिएको छ ।

त्यस्तै, उत्तर प्रदेश परियोजनाले गर्नुपर्ने कामको सूची त्यसमा छ। जसमा ए गैप बाँधको मजबुतीकरणको काम गर्नुपर्ने, यस बाँधको पुछारको लम्बाइ १०० मिटर बढाउनुपर्ने, बाढी नियन्त्रणका लागि यस बाँधको किनारमा परकुपाइन लगाउने, ए गैप बाँधको पुछारदेखि बी गैप बाँधलाई जोड्ने लिंक बाँध बनाउने, यस लिंक बाँधमा ठोकरको निर्माण गर्नुपर्ने, बी गैप बाँध, लिंक बाँध र नेपाल बाँधको मर्मत तथा कालो पत्रे सडक बनाउने काम पर्छन्। उपरोक्त तीन ओटै बाँधमा रहेका ठोकरहरूको मर्मत तथा निर्माण गर्नुपर्ने र ठोकरको आसपासको क्षेत्रमा ब्लक निर्माण गर्नुपर्ने काम पनि यसमा पर्छन्।

यी काममध्ये गण्डक नदी नियन्त्रण संघर्ष समितिको दबाबमा भारतले करिब पाँच अर्ब भन्दा बढीको काम गरेको छ। यद्यपि सहमति भएका बुँदामध्ये १, २, ३, ४, ५, १२, र १३ नं. बुँदाका काम उत्तर प्रदेशले गर्ने भयो। ६, ७, ८, ९, १०, ११, १४, १५, १९, २० र २१ नं. बुँदाका काम विहारले गर्ने तय भयो। १६, १७, र १८ का काम भारतको केन्द्र सरकारले गर्ने गरी कामको बाँडफाँट गरिएको छ। भारतले गण्डकमा मर्मत सम्भारका लागि सन् २०१४ मा ३९ करोड ७१ लाख र सन् २०१५ मा ५९ करोड ८७ लाखको बजेट खर्चेको देखिन्छ। तर अनुगमन भने कमजोर रहेको छ।

### *भारत सरकारको विभागीय काम*

मुख्य पश्चिमी गण्डक नहरसँगै रहेको सडकमा नयाँ कालो पत्रे गर्न भारत सरकारको ठेक्का लिएको कमलादित्य कन्स्ट्रक्सन प्रा.लि., बोकारो स्टिल सिटी, झारखण्डले काम गरिरहेको थियो। सडक निर्माण कार्यमा गुणस्तरहीन सामग्रीको प्रयोग गरेको कुरा उठेपछि सुधारका लागि ठेकेदारलाई समितिले आग्रह गऱ्यो तर ठेकेदारले टेरेन। ठेकेदारले अटेर गर्न थालेपछि वैशाख ८, २०६९ (अप्रिल २०, २०१२) मा बेलाटारीमा बसेको समितिको बैठकले सुधारका लागि सचेत गराउने र नमाने विभागीय जाँचको माग गर्ने निर्णय गऱ्यो। बैठकपछि गरिएको अनुरोधको पनि ठेकेदारले वास्ता गरेन। त्यसपछि असार २, २०६९ मा जल संसाधन मन्त्रालय दिल्ली, जल संसाधन मन्त्रालय पटना, नेपालस्थित भारतीय राजदूत र मुख्य अभियन्ता वाल्मीकिनगरलाई समितिले पत्र पठाउँदै गुणस्तर छानबिनका लागि माग गऱ्यो तर कुनै सुनवाइ भएन।

समितिले केन्द्र सरकार दिल्लीलाई पत्राचार गरी छानबिन गर्न माग गऱ्यो। दिल्लीको आदेशमा पटनाबाट नेपाल हितकारी योजना अन्तर्गत भइरहेको सडक निर्माण कार्यको छानबिनका लागि तीन सदस्यीय प्राविधिक टोली गठन गरी खटायो। अगस्त १२, २०१२ मा वाल्मीकिनगर आइपुगेको टोली (इन्जिनियर अशोक कुमार सिंह, इन्जिनियर अखिलेन्द्र निखिल र कनिष्ठ अभियन्ता विरेन्द्र उपाध्याय) ले ठेकदार कम्पनीको प्रतिनिधि र संघर्ष समितिको रोहबरमा भोलि पल्टदेखि नै जाँच शुरू गऱ्यो। शून्य आर.डी. देखि ६२.५

आर.डी.सम्म करिब १९ किलोमिटरको दूरीबाट विभिन्न स्थानको पिच फुटाई नमुना संकलन गर्न खोज्दा ठेकदार र उसका सप्लायर्स तथा संलग्न इन्जिनियरले नमुना संकलनमा निगरानी टिमलाई अवरोध गरे । स्थानीय सप्लायर्सहरूको दबदबा देखेपछि समितिले नवलपरासीको प्रमुख जिल्ला अधिकारीबाट सुरक्षा सहयोगको माग गऱ्यो । टिमले संकलन गरेको कालो पत्रेको नमुना जाँचका लागि भारतीय ल्याबमा पठायो । ल्याबले कमलादित्य कन्स्ट्रक्सनले ६२ प्रतिशत निर्माण सामग्री कमसल (लोकल मैटेरियल) प्रयोग गरेको प्रतिवेदन जल संसाधन मन्त्रालय दिल्लीलाई बुझायो ।

सडक निर्माणका लागि तयार पारिएको इस्टिमेट अनुसारको निर्माण सामग्री (ढुंगा, गिट्टी र बालुवा) करिब ३५० किलोमिटर टाढा भारतबाट ल्याउनु पर्ने थियो तर ठेकेदार कम्पनीले तोकिएको सामान भारतबाट नल्याई नेपालकै खोलाको ढुंगा, गिट्टी र बालुवा प्रयोग गरेको ठहर भयो । जल संसाधन मन्त्रालय दिल्लीले ठेकेदार कम्पनी कमलादित्यलाई दश करोड भारतीय रुपैयाँ जरीवाना गऱ्यो । सो रकम ठेकेदारले पाउनुपर्ने रकमबाट कटौती गरेर असुल्यो । सडकको निर्माण कार्यको जिम्मेवार मानिएका पाँच जना भारतीय उच्च अधिकारी इन्जिनियरलाई निलम्बन गरी कारबाही चलायो ।[९] पछि ती पाँचै जना अधिकारी अदालतबाट दोषी ठहर भएपछि सेवामुक्त भए ।

यस घटनाले संघर्ष समितिको उचाइ बढायो । यो समिति सुधारका लागि प्रयत्नशील रहेको साबित गऱ्यो । अब कमाण्ड क्षेत्रमा कुनै काम गर्नु परे भारतीय पक्षले संघर्ष समितिसँग समन्वय गर्न खोज्छ । समितिले गरेको गुनासोलाई महत्त्व दिन थालिएको छ । सुधारका लागि सल्लाह र सुझाव मागिन्छ । गण्डकमा गरिने कामको अनुगमन संघर्ष समितिले पनि गर्छ ।

### *नेपाल सरकारको निम्छरो भूमिका*

गण्डकवासी भन्छन्—नेपाल सरकारको उदासीनताका कारण दुःख पाउनु परेको हो । सम्झौता हुँदा नेपाल सरकारले परियोजनाले पार्न सक्ने प्रभावको अध्ययन विश्लेषण गरेको भए आज यस्तो भयावह स्थिति आउने थिएन । त्यस बेलादेखि नै नेपाली जनताको हितभन्दा भारत सँगको मित्रता तथा सद्भावलाई ध्यानमा राख्न खोज्दा भयावह स्थिति निम्तिएको देखिन्छ । यही क्रमलाई दोहोऱ्याउने क्रममा सत्तामा पुगेका सबैजसो दलले समस्या आउँदा पनि समाधानका लागि बल गरेको पाइँदैन । सरकारमा जाने दल तथा तिनका नेताहरूको इच्छा शक्तिको कमी र सरकार सञ्चालन गर्न भारतसामु देखाउने लाचारीका कारण नेपाल

[९] ती निलम्बित भारतीय प्रविधिकहरू हुन् : कनिष्ठ इन्जिनियरहरू अनिल कुमार सिंह र ब्रजभूषण शर्मा, सहायक इन्जिनियर शाहिद हुसेन, कार्यपालक इन्जिनियर दिलिप कुमार सिंह, र सुपरिन्टेन्डेन्ट इन्जिनियर हरि शंकर प्रसाद श्रीवास्तव ।

सरकार गण्डकमा निरीह बनेको छ । सत्तामा टिकीरहन भारतको आशीर्वादको आसमा गण्डक मुद्दालाई ओझेलमा पार्न सिलसिला जारी छ ।

सरकार आफैले यो मुद्दाको उठान कहिल्यै गरेन । समितिले उठाएका जायज मागप्रति पनि सरकारले पहल गरेन । माग गर्नका लागि गण्डक सम्झौताको दफा २ को उपदफा (ख) मा व्यवस्था हुँदाहुँदै पनि नेपाल सरकार निरीह भएर बसिरहनु र जनताले दु:ख पाइरहनुको मुख्य कारण नेपाल सरकारको कमजोरी रहेको बुझिन्छ । उदाहरणका लागि तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराई सिँचाइ मन्त्री सहित तीव्र कटानको बेला सेप्टेम्बर २७, २०१२ मा निरीक्षण गर्न गण्डक क्षेत्र पुगे, आश्वासन पनि दिए तर फर्किसकेपछि पीडितले कुनै सुधारको महसुस गर्न पाएनन् ।

नेपाली प्रशासनले आफ्ना जनता बाढी, डुबान र कटानबाट विस्थापित हुँदा चिउरा, नुन, चाउचाउसँगै आश्वासन बाँड्न बाहेक अरू केही पनि गरेको छैन । जब जब बाढीले सताउँछ, जिल्ला प्रशासन, रेडक्रस वा स्थानीय संघसंस्थाका प्रतिनिधि चिउरा चिनी र नुन बोकेर आउँछन्, बाँड्छन् र फर्कन्छन् । तर बर्सेनि सताइरहेको बाढीको दीर्घकालीन समाधान खोज्न स्थानीय जनताले हारगुहार माग्दा पनि जिल्ला प्रशासनसँगै नेपाल सरकारका सबै निकाय मन्त्रालय, विभाग, जल उत्पन्न प्रकोप समिति, जिल्ला समन्वय समिति, स्थानीय सरकार मौन बस्छन् । उनीहरू गण्डक क्षेत्रमा निर्माण तथा मर्मत सम्भारको काम नेपाल सरकारले गर्न पाउँदैन भनेर बाटो तताउँछन् ।

नेपाल सरकारका मन्त्री तथा अन्य प्रतिनिधि जब भारत जान्छन् वा भारतीय प्रधानमन्त्री वा मन्त्री तथा अन्य उच्च ओहदाका प्रतिनिधि जब नेपाल आउँछन्, गण्डक नदी नियन्त्रण संघर्ष समितिले पत्र दिएर वा भेटेर ध्यानाकर्षण गराउँछ तर नेपाल पक्षले बल नगरेको कारण तिनको प्रयास सार्थक हुन सकेको छैन । नेपाल सरकारले अहिलेसम्म संघर्ष समितिलाई कुनै आर्थिक, नैतिक वा भौतिक सहयोग गरेको छैन । समिति एक्लै जनताको बलमा निरन्तर लडिरहेको छ ।

गण्डक परियोजनाले स्थानीयलाई दिएको पीडाको दिगो समाधानका लागि नेपाल सरकारले पहल नगरेपछि संघर्ष समिति भारततिर केन्द्रित हुनु परेको छ । समितिले ज्ञापनपत्र दिएर वा भेटेर भए पनि भारतीय अधिकारीको ध्यानाकर्षण गराई भारत सरकारबाट काम गराइरहेको छ । त्यसो त भारतको हेपाहा प्रवृत्ति छ, कहिले सुन्ने कहिल्यै सुन्दै नसुन्ने । यही प्रवृत्तिका कारण कुनै पनि सरकारसँग ढुक्क हुन सकिने अवस्था छैन र द्वन्द्व पनि हुँदै आएको छ ।

वि.सं. २०६५ को पानी रोकौँ आन्दोलनको क्रममा भएको २१ बुँदे सहमतिको बुँदा नं. १४ को क्षतिपूर्ति पाउनुपर्ने, १६ नं. को शुद्ध खानेपानी, १७ नं. को गण्डक हस्पिटल र १८ नं. को भारतमा कमाण्ड क्षेत्रका विद्यार्थीले पाउनुपर्ने छात्रवृत्तिको मुद्दालाई सम्बोधन गरिएको

छैन । यसरी सहमतिको बेवास्ता जारी रहेकाले जेठ ६, २०७० (मे २०, २०१३) देखि पुनः पानी रोकौँ आन्दोलनको घोषणा गरियो । तर भारतले आन्दोलन हुनुभन्दा एक दिन अगावै नहरमा पानी खोलिदियो । पानी खोलिएको देखेर आक्रोशित आन्दोलनकारीले मे २० र २१ मा त्रिवेणीस्थित गण्डक ब्यारेजमा विरोध प्रदर्शन गरे । २३ तारेखमा ब्यारेज गेटको फलामे डोरी काटेर भारतीय नहरको पानी थुन्ने तयारी गरिरहेको बेला नरसही गाउँका अगुवाहरूको एक समूह आयो । ती अगुवाहरूले नहरको पानी थुनिदा नदीमा पानीको स्तर बढेर ठोकर नं. १२ कटान हुन सक्ने जोखिमतर्फ ध्यानाकर्षण गराएपछि आन्दोलन तत्काललाई स्थगन गरियो ।

तर अनेक खालका समस्यासँग गण्डकका जनता र संघर्ष समितिले जुझ्नु परेको छ । गण्डकमा निर्माण तथा मर्मतको काम गर्ने ठेकेदार सितको मिलेमतोमा कर्मचारीहरू काममा लापर्बाही गर्छन् जसले भएको काम पनि गुणस्तरीय हुन पाउँदैन । भारतीय कर्मचारीको पैसा कुम्ल्याउने बानीले गण्डकवासी आजित छन् । २०६५ सालको पानी रोकौँ आन्दोलन पश्चात् भारतीय पक्षले घुँडा टेकेको छ । अब त भारतले गरेको कामको गुणस्तर ठीक भए नभएको कुरा उठाई समितिले सुधारका लागि माग गर्दछ । समितिको मागकै आधारमा छानबिनपछि भारतीय ठेकदार र कर्मचारीमाथि कारबाही भएको छ । ठेकेदारसँग मिलेमतो गरी रकम कुम्ल्याउने उच्चपदस्थ कर्मचारी कारबाहीमा परेपछि संघर्ष समितिको आँट बढेको छ । भारतीय कर्मचारी समितिको अगाडि थर्कमान छन् । यति भएपछि भारत सरकारले संघर्ष समितिको कुरो सुन्न थालेको छ । सुनवाइ नगरे अथवा काममा लापर्बाही गरेमा संघर्ष समितिले भारतीय प्रधानमन्त्री र मुख्यमन्त्रीलाई सोझै पत्र लेख्न थालेको छ ।

निर्माण तथा मर्मतको कामका लागि भारतप्रति आश्रित भए पनि भारतीय पक्षलाई यस समितिले करिब करिब काबूमा पारिसकेको अवस्था छ । समितिले क्षतिपूर्ति, गण्डक अस्पताल र छात्रवृत्तिको लागि नेपाल सरकारको तर्फबाट कूटनीतिक पहलको माग गरेको छ । तर, गण्डकमा नेपाल सरकारको प्रभाव शून्य बराबर छ । गण्डक पीडितहरू नेपाल सरकारप्रति भन्दा भारत सरकारप्रति बढी आशावादी देखिएका छन् ।

## संघर्ष समितिको संघर्षयात्रा

समिति सक्रियताका साथ गण्डकवासीका हकअधिकारका लागि काम गर्ने प्रयासमा जुटिरहेको छ । बेला बेलामा बैठक बस्ने, बैठकमा एजेन्डा आउने, एजेन्डा उपर छलफल भई निर्णय लिने गरिएको छ । आवश्यकता अनुसार दबाब दिन डेलिगेशन जाने, विरोध जनाउने र आन्दोलनको कार्यक्रम बनाई संघर्ष गर्दै आएको छ ।

यसले गण्डक कमाण्ड क्षेत्रमा भारतीय पक्षले गर्ने निर्माण तथा मर्मत सम्भारजस्ता कार्यको अनुगमन गर्ने तथा गुणस्तर सुधारका लागि दबाब दिने गर्छ । काममा सुधार आउन

थालेपछि समितिमा स्थानीयवासीको विश्वास बढ्दै छ । यो नै संघर्ष समितिको सम्पत्ति हो । लोकतान्त्रिक पद्धतिमा सञ्चालित समिति बेला बेलामा पुनर्गठन हुँदै आएको छ ।

३४ दिने आन्दोलन गण्डकको इतिहासमा पहिलो र ऐतिहासिक आन्दोलन हो । यसै क्रममा भएको २१ बुँदे सहमतिलाई उपलब्धिको रूपमा लिइएको छ । यसैको फलस्वरूप भारतले नेपाल हितकारी योजना बनाएर कमाण्ड क्षेत्रमा तीव्रताका साथ काम गरेको छ । समितिले प्रमुख मुद्दाको रूपमा रहेको क्षतिपूर्ति, छात्रवृत्ति र गण्डक अस्पतालको मागलाई पहिलो एजेन्डा बनाएको छ । यी मुद्दाको सम्बोधन नभएका कारण संघर्ष रोकेको छैन ।

समितिको आफ्नो कार्यालय भवन छैन । आवश्यकता अनुसारको विभिन्न स्थानमा बैठक बस्ने गरिन्छ । प्रारम्भिक समिति पछिका समितिले गरेका काम कारबाही र निर्णयका कागजात सुरक्षित छन् । ती कागजात पूर्वसचिव तथा हालका अध्यक्ष दूधनाथ गुप्ताले आफ्नै घरमा जतन गरेर राखेका छन् । अध्यक्ष स्वयं आफै पत्र लेख्ने, पत्राचार गर्ने, बैठक डाक्ने, हिसाबकिताब राख्ने, रकमको जोहो गर्ने र बाहिरी समन्वय राख्ने लगायतका काममा व्यस्त देखिन्छन् । आर्थिक स्रोत नियमित छैन, बेला बेला चन्दा सहयोग मागेर काम चलाइएको छ । तर पनि समिति पूर्ण सक्रिय रहेको देखिन्छ ।

समितिको नाम शुरूदेखि नै गण्डक नदी नियन्त्रण संघर्ष समिति रहेको छ । समितिलाई जिल्ला प्रशासन कार्यालयमा संस्था दर्ता गर्न खोज्दा संघर्ष समिति नाम राखेर दर्ता हुन दिइएन । संघर्ष शब्द हटाएर आउन भनेपछि समिति देशविदेशमा स्थापित पहिचान परिवर्तन नगर्ने निर्णयमा पुग्यो । त्यसैले समिति अहिलेसम्म जिप्रकामा दर्ता हुन सकेको छैन । समिति सञ्चालन गर्नका लागि आचारसंहिता बनाइएको छ । यति ठूला जिम्मेवारी र महत्त्वपूर्ण कामको चापमा रहेको संघर्ष समितिले आफ्ना सबै कामलाई लोकतान्त्रिक पद्धतिमा चलाउँदै आएको छ ।

## *समितिका काम कारबाही र कार्यभार*

समितिले आफ्नो कार्यक्षेत्रमा सिंहले जस्तो अवलोकन गर्ने र कामबारे गिद्धले जस्तै दृष्टि राख्ने गरेको छ । बेलाबेलामा बस्ने बैठकमा गण्डकमा अब के हुनुपर्ने भन्ने विषयमा चिन्तन मनन गर्ने गरेको छ । भारतीय पक्षलाई कामप्रति सचेत बनाइरहने, भारतीय प्रधानमन्त्री र उत्तर प्रदेशका मुख्यमन्त्रीका साथै गण्डक सम्बद्ध उच्च पदस्थ कर्मचारीलाई पत्राचार गरेर वा भेटेर गण्डकमा गरिनुपर्ने कामबारे ध्यानाकर्षण गराउँदै आएको छ ।

यस बीचमा समितिले गरेको केही महत्त्वपूर्ण काम उल्लेखनीय छन् । २०६५ सालमा ३४ दिने पानी रोकौँ आन्दोलन मार्फत भारतको ध्यानाकर्षण गराउन सफल समितिले गण्डक क्षेत्रमा भएको समग्र नोक्सानीको जिम्मेवार भारत रहेको साबित गर्दै २१ बुँदे सहमति गरेपछि अनेक काममा हात हालेको छ ।

पानी रोकौँ आन्दोलनको क्रममा कमाण्ड क्षेत्रका बाढी पीडितसँग संघर्ष समितिले गरेको वाचा अनुसार किसानको क्षतिको विवरण संकलन गर्ने काम शुरू गरेको थियो । धर्ना चलिरहेको बेला क्षति व्यहोरेका किसानले समितिमा गराएको नाम दर्तालाई विस्तृत विवरणको लगत तयारी गर्न समिति आफैले एक फाराम विकसित गरी गाविसहरूको कार्यालयमा पठायो । फाराममा सन् १९९३ देखि सन् २००७ सम्मको अवधिमा भएको बालीको नोक्सानी, भूक्षयबाट भएको क्षति र जिन्सी सामानको क्षतिको विवरण खुलाएर भर्नुपर्ने महल राखिएका थिए । फाराम भर्नका लागि एक महिनाको समय दिइएको थियो ।

पीडित किसानले क्षतिको विवरण भरेर जम्मा गरेपछि गाविसले मालपोत रकम लिएर सिफारिस गऱ्यो । संकलित फाराम संघर्ष समितिले एकत्रित पारेर जिल्ला सिँचाइ कार्यालयमा जम्मा गऱ्यो । सिँचाइ कार्यालयले क्षति व्यहोरेका कमाण्ड क्षेत्रका साबिक १३ गाविसका ८,४६४ घरधुरीका किसानले भरेको फारामको तथ्यांक सम्पादन गऱ्यो । यस तथ्यांक अनुसार गण्डक संरचना तथा भारतीय लापर्बाहीका कारण किसानको बालीनाली, नगदी तथा जिन्सी नोक्सान किसानको २ अर्ब ९३ करोड ६० लाख ९३ हजार ८३ रुपैयाँ २६ पैसाको भएको देखिन्छ ।[१०] यसरी १५ वर्षमा यस अवधिमा गण्डक संरचना तथा भारतीय लापर्बाहीका कारण किसानको बालीनाली, नगदी तथा जिन्सी नोक्सानीको क्षतिपूर्तिका लागि भारतसित माग पेस गरेको छ ।[११]

यसका लागि आवश्यक प्रक्रिया अगाडि बढाउन भुइँ तहदेखि राष्ट्रिय-अन्तर्राष्ट्रिय तहसम्म विभिन्न पहल गरियो । शुरूमा साबिक गाविसले सिफारिस गरेर जिल्ला सिँचाइ कार्यालय मार्फत सिँचाइ विभाग जावलाखेल, ललितपुरमा पेस गऱ्यो । पुस २८, २०६६ मा बसेको नेपाल सरकारको मन्त्रिमण्डलको बैठकबाट प्रस्ताव पास गराई सिँचाइ मन्त्रालयले चलानी नम्बर ५५, पत्र संख्या ०६६/०६७ को पत्र पुस २९ गते परराष्ट्र मन्त्रालयमा पठायो । त्यो फाइल दश महिनासम्म त्यहीँ थन्केर बसेपछि संघर्ष समितिको प्रतिनिधि मण्डल काठमाडौँ पुगेर परराष्ट्र मन्त्रालयलाई ताकेता गर्दा फाइल भेटिएन भन्ने जवाफ आयो । प्रतिनिधि मण्डलले मन्त्रालयमा अडान लिएपछि फाइल फेला पऱ्यो र परराष्ट्र मन्त्रालयले जून १४, २०१० का दिन नेपाल स्थित भारतीय दूतावासलाई पत्र (पत्र संख्या एस.ए.-१/६३-५७/११४६) पठाए पनि काम अगाडि बढेन । पटक-पटकको ताकेतापछि परराष्ट्र मन्त्रालयले क्षतिपूर्ति सम्बन्धमा अगस्त २३, २०१२ मा पत्र (पत्र संख्या एस.ए.-

[१०] क्षतिपूर्तिका लागि पीडित किसानले भरेको फाराम जस्ताको तस्तै पश्चिम सिँचाइ डिभिजन नं. ७ को कार्यालय सेमरीमा राखिएको छ । साथै, यसको निचोडको एक प्रति सिँचाइ मन्त्रालय, एक प्रति भू-आर्जन तथा सम्पर्क अधिकारी वाल्मीकिनगर र एक प्रति डिभिजन नं. ७ को कार्यालय सेमरीमा सुरक्षित छ ।

[११] भारतसँग माग गरिएको क्षतिपूर्तिको विवरणका लागि अनुसूची ४ र ५ हेर्नुहोस् ।

१/६३-५७/११७८) लेखी भारतीय दूतावासलाई पुनः ताकेता गऱ्यो । यो काम अगाडि बढाउन नेपाल सरकारको कूटनीतिक पहलको आवश्यकता रहेको समितिको बुझाइ छ ।

नेपाल र भारतका सिँचाइ मन्त्रालयका उच्च पदस्थ अधिकारीहरूको एक संयुक्त समिति (जेसीकेजीपी) को बैठक दुवै देशका संयुक्त मुद्दा समाधानका लागि प्रत्येक दुई वर्षमा आलोपालो बस्ने गर्छ ।[१२] संघर्ष समितिले मे २–३, २००९ मा विहारको पटनामा बसेको जेसीकेजीपीको चौथो बैठकमा क्षतिपूर्ति पाउनुपर्ने कुरा उठायो तर पनि कुनै उपलब्धि भएन । नोभेम्बर ११–१२, २०१४ मा काठमाडौँमा भएको सातौँ बैठकमा २१ बुँदे सहमति पास भयो तर कार्यान्वयन हुन सकेको छैन । यसका लागि नेपाल सरकारबाट पहल लिन मंसिर २८, २०७२ मा समितिको प्रतिनिधि मण्डल काठमाडौँ पुगेर सिँचाइ विभागका महानिर्देशकलाई ज्ञापनपत्र बुझायो । ज्ञापनपत्रमा २१ बुँदे सहमतिमध्ये गर्न बाँकी रहेका काम तथा जेसीकेजीपीको सातौँ बैठकले पास गरेको काम सम्पन्न गराउन नेपाल सरकारलाई पहलकदमी लिन माग गरिएको थियो । पहल नभएकै कारण यी कामलाई भारतीय पक्षले बेवास्ता गर्दै आएको छ ।

सन् २०१६ को ८ र ९ फेब्रुअरीमा पटनामा आयोजित जेसीकेजीपीको आठौँ बैठकमा सहभागी हुने नेपाल सरकारको सिँचाइ विभागका महानिर्देशक रामानन्द प्रसाद यादवलाई भेटेर समितिले ध्यानाकर्षण गरायो । सो बैठकले विगत १५ वर्षको बालीनाली, नगद, र जिन्सीको क्षतिपूर्ति भारतले नदिने भन्ने सातौँ बैठकको निर्णयलाई परिवर्तन गर्दै भारतले क्षतिपूर्ति दिनुपर्ने भनी पुनः निर्णय गर्दै विस्तृत अध्ययन प्रतिवेदन (डीपीआर) तयार गरी पेस गर्ने जिम्मेवारी नेपाललाई दिएको छ । यस कामलाई नेपाल सरकार सिँचाइ मन्त्रालय, सिँचाइ विभाग र डिभिजन कार्यालयले गर्नुपर्ने हो तर काम अगाडि बढेको छैन ।

मंसिर २८, २०७२ मा काठमाडौँ पुगेको संघर्ष समितिको प्रतिनिधि मण्डलले सिँचाइमन्त्री र परराष्ट्रमन्त्रीलाई भेटेर ज्ञापनपत्र बुझायो । त्यसमा किसानका लागि क्षतिपूर्ति तथा कमाण्ड क्षेत्रका विद्यार्थीका लागि भारतमा उच्च अध्ययनको छात्रवृत्ति उपलब्ध गराउने सहमतिलाई कार्यान्वयनका लागि पहल गरिदिन माग गरिएको थियो । नेपाल सरकारले कूटनीतिक पहल नगरेकाले ती दुवै काम थाँती रहेको समितिको बुझाइ छ ।

सहमतिको बुँदा नं. १४ को क्षतिपूर्तिको माग ठूलो रकमको भएकोले सहजै उपलब्ध हुने सम्भावना कम छ । यसमा नेपाल पक्षले भारतसित पहल गर्छ कि गर्दैन भन्ने आशंका

[१२] जेसीकेजीपीको पहिलो बैठक डिसेम्बर २४–२६, २००१ मा काठमाडौँमा, दोस्रो बैठक डिसेम्बर ६–७, २००४ मा भारतको पटनामा, तेस्रो बैठक जुन ५–६, २००६ मा काठमाडौँमा, चौथो बैठक मे २–३, २००९ मा भारतको पटनामा, पाँचौँ बैठक जुन १७–१८, २०१० मा काठमाडौँमा, छैटौँ बैठक फेब्रुअरी १७–१८, २०११ मा भारतको राजगीरमा, सातौँ बैठक नोभेम्बर ११–१२, २०१४ मा काठमाडौँमा, आठौँ बैठक फेब्रुअरी ८–९, २०१६ मा भारतको पटनामा र नवौँ बैठक डिसेम्बर २०१८ मा काठमाडौँमा बसेको थियो ।

भएपछि समितिले भारतसँग सोझै पत्राचार तथा भेटघाट थाल्यो । उसले भारतीय लोकसभामा गण्डक पीडितको सवाल उठाइदिन भारतीय सीमावर्ती क्षेत्रका जनप्रतिनिधिलाई अनुरोध गऱ्यो । उसले उत्तर प्रदेशको गोरखपुर क्षेत्रका तत्कालीन सांसद तथा वर्तमान मुख्यमन्त्री आदित्यनाथ र महाराजगञ्ज क्षेत्रका सांसद पंकज चौधरी तथा कुशीनगर क्षेत्रका सांसद राजेश पाण्डेलाई भदौ २०, २०७३ मा भेटेर पत्र बुझायो ।

यस बीचमा गण्डक सम्झौता पुनरावलोकनका लागि संघर्ष समितिले जनजागरण अभियान थाल्यो र नेपाल तथा भारतको ध्यानाकर्षणका लागि सात जिल्लामा कोणसभा गऱ्यो । असोज १२–१६, २०७३ मा नवलपरासी, चितवन, तनहुँ, कास्की, पर्वत, म्याग्दी, मुस्ताङको मुक्तिनाथमा कोणसभा सञ्चालन गरेको थियो । यस क्रममा गण्डक सम्झौतामा भएका त्रुटि र पानी रोकौँ आन्दोलनबारे जानकारी दिँदै समितिले सम्झौता पुनरावलोकनका लागि जनसमर्थन जुटाउने प्रयास गरेको थियो । यस्तै कात्तिक ८–१२, २०७३ मा विहारको राजधानी पटना र मुजफ्फरपुर पुगेर समितिले जल संसाधन विभाग पटनालाई वार्ता गरी पत्र बुझायो ।[१३] गण्डकमा सन् २०१७ मा हुने निर्माण कार्यको गुणस्तरीयताबारे अग्रिम कुराकानीका लागि उत्तर प्रदेशको महाराजगंज गई समितिले डिसेम्बर ९, २०१६ मा कार्यकारी इन्जिनियर विरेन्द्रकुमार यादवसित भेटेर दबाब दियो ।

नेपाली किसानलाई क्षतिपूर्ति दिलाउन नेपाल सरकारबाट कूटनीतिक पहलका लागि समितिले पुस ३, २०७३ मा प्रधानमन्त्री, परराष्ट्र मन्त्री, सिँचाइ मन्त्री तथा सिँचाइ विभागमा पुगेर पत्र (च.नं. २१) बुझायो । त्यस्तै, समितिले भारतीय सहयोगी ओमप्रकाश बर्मा मार्फत भारतीय प्रधानमन्त्रीको कार्यालय र जल संसाधन मन्त्रीको कार्यालयमा क्षतिपूर्तिबारे ध्यानाकर्षण पत्र दर्ता गरायो । त्यही पत्रको आधारमा प्रधानमन्त्रीको कार्यालयले जल संसाधन मन्त्रालयलाई सोधनी गरेको र जल संसाधन मन्त्रालयले गंगा बाढ नियन्त्रण आयोग पटनालाई क्षतिपूर्तिबारे धारणा मागेको व्यहोराको पत्र समितिका सचिव दूधनाथ गुप्ताको नाममा डिसेम्बर २२, २०१६ मा बोधार्थ पठायो । समितिले त्यसमा विभिन्न ४ बुँदा राखी भारत सरकारको ध्यानाकर्षण गराएको थियो । त्यसमा मूलत: २१ बुँदे सहमतिको बुँदा नं. १४ अनुसार नेपालीले पाउनुपर्ने क्षतिपूर्ति रकम अविलम्ब दिनुपर्ने, नेपाल हितकारी योजनाका बाँकी कामलाई पूर्णता दिनुपर्ने, जेसीकेजिपीको सातौँ बैठकद्वारा बनाइएको उपसमितिले प्रस्ताव गरेका काम कार्यान्वयन हुनुपर्ने र जेसीकेजिपीको आठौँ बैठकको एजेन्डा ६ को त्रुटिपूर्ण निर्णय (जमिनमा दलदल माटो भएका कारण रानीनगर, टांगीकोट र सुर्यपुरास्थित मुख्य पश्चिमी नहरमा संघर्ष समितिद्वारा माग गरिएको पुल निर्माण गर्न

[१३] प्रतिनिधि मण्डलमा संघर्ष समितिका अध्यक्ष रामबरन केवट, उपाध्यक्ष केबी थापा, सचिव दूधनाथ गुप्ता, प्रवक्ता रमेशचन्द रौनियार, प्रचारमन्त्री गौरीशंकर कुशवाहा, सदस्य कृष्णानन्द चौधरी, पूर्व लियाजन विश्वबन्धु यादव र विमलचन्द्र घिमिरे सहभागी थिए ।

नसकिने) लाई परिवर्तन गर्दै सो स्थानहरूमा पुल निर्माण गर्ने भनी सच्याउँदै सहमतिका बुँदा नं. ९ 'ग' को पुल निर्माणका लागि माग गरिएको थियो ।

तटीय क्षेत्रका बासिन्दालाई जोडने अभियानलाई अगाडि बढाउँदै विहारको राजधानी पटनामा अगस्त १८, २०१८ मा भएको संयुक्त भेला अर्थात् पटना डायलगमा समितिका प्रवक्ताको नेतृत्वमा गएको छ जनाको टोलीले गण्डक पीडितको आवाज उठायो । गण्डक परियोजनाले आर्थिक, सामाजिक तथा मानसिक असर पारेको मात्र नभई स्थानीयवासीको चौतर्फी विकासमा बाधा हालेकोले गण्डक सम्झौताको पुनरावलोकन गरिनुपर्नेमा जोड दिइयो । जनताको हितमा नरहेको सम्झौता विरुद्ध जनता उत्रन सक्ने र विद्रोह गर्न सक्ने चेतावनी पनि दिइयो ।

यही क्रममा गण्डक अभियान नेपाल, भारत हुँदै बंगलादेश सम्मको जलअधिकारको अभियानसित जोडिन पुगेको छ । यसले तीन देशको अन्तरदेशीय सञ्जाल नदी अधिकार मञ्चको बैठकमा सहभागिता जनाएको छ । डिसेम्बर १, २०१८ मा बंगलादेशमा आयोजित साउथ एशिया सम्मेलन कार्यक्रममा संघर्ष समितिको टोली पनि सहभागी भयो । तीन दिनसम्म चलेको सम्मेलनले नदी अधिकार मञ्चको साउथ एशिया कन्भेनर पदको जिम्मेवारी समितिका प्रवक्ता वृजराज कुशवाहालाई दियो । मञ्चको उपाध्यक्ष पद भारत र सचिव पद बंगलादेशले पायो ।

त्यस्तै, समितिका अध्यक्ष र प्रवक्ताको प्रतिनिधि मण्डल नेपालका नदीबाट प्रभावित समुदाय सँगको राष्ट्रिय सहकार्यका लागि रुचि लिँदै तेस्रो राष्ट्रिय नदी शिखर सम्मेलन कर्णालीमा चैत १४–१७, २०७४ मा सहभागी भयो । यस समितिले गण्डकमा भोग्नुपरेको पीडाबारे सम्मेलनलाई जानकारी गराउँदै दबाब सिर्जना गर्न तथा ऐक्यबद्धता निर्माण गर्न नेपाल नदी संरक्षण संस्थाको चौथो राष्ट्रिय नदी शिखर सम्मेलन गण्डक क्षेत्रमा आयोजना गर्न सहमत भएको छ ।

**अन्तमा,**

नारायणीको पानी प्रयोग गर्ने उद्देश्यले भारतले धेरै पहिलेदेखि प्रयास गर्दै आएको थियो । बाह्रैमास नसुक्ने स्वच्छ पानी भएको यस नदीको समुचित उपयोग गर्न सके धेरै लाभ लिन सक्ने देखेर गिद्धेदृष्टि राखेको भारतले ब्रिटिस शासन कालदेखि नै अनेक कसरत गरेको थियो । ती कसरत असफल भएपछि नेपाललाई पनि हुने लाभको व्याख्या गरी लोभमा पारेर गण्डक सम्झौता गरेको देखिन्छ ।

सम्झौतामा रहेको त्रुटि तथा भारतीय पक्षको लापर्बाहीका कारण बाढी, जलजमाव, अग्ला बाँधमा सिपेजजस्ता समस्याले नेपाली किसानको आर्थिक स्तर गिर्दै गए पनि नेपाल सरकारको बेवास्ता जारी छ । नेपाल सरकारले पहल गर्न सके सम्झौतामा भएको प्रावधान

अनुसारको व्यवहार भारतले तत्काल गर्नुपर्छ सम्झौतामा गरिएको विभेदकारी व्यवस्था संशोधनका लागि सम्झौता पुनरावलोकन गर्नुपर्छ । कूटनीतिक पहल गर्न सकेमा सम्झौतामा व्यवस्था हुँदाहुँदै पनि भारतीय लापर्बाहीले बर्सेनि झेल्नु परेको बाढीको सास्ती अन्त्य गर्न सकिन्छ । सम्झौतामा विद्यमान असमान व्यवस्थाको अन्त्य गर्न सके भारतले मात्र होइन नेपालीले पनि खेतमा सिँचाइका लागि पर्याप्त पानी पाउन थाल्छन् र उत्पादन बढाउन सक्ने क्षमता देखाउन सक्छन् । आजको परिवेशमा नेपालीलाई आवश्यकता अनुसार पानी पाउने व्यवस्था हुनुपर्छ । नारायणी नदीमा नेपालले बाँध पुल नहरजस्ता संरचना बनाउँदा भारतको अनुमति लिनु पर्ने व्यवस्थामा सुधार गर्नुपर्छ । द्विपक्षीय भनिए पनि सम्झौताले लाभको हिसाबले भारतलाई प्राथमिकतामा राखेकोमा अब दुवै देशका लागि समान हुनुपर्छ ।

आर्थिक अवस्थामा सुधार ल्याउन तथा सम्झौताले पारिसकेको असरको क्षतिपूर्ति तथा दीर्घकालीन प्रभावको न्यूनीकरणका लागि योजना बनाउन कठिन छैन । सम्झौताको पुनरावलोकन गरिँदा विभेदकारी व्यवस्था हटाइ उपल्लो तटीय अधिकारको सिद्धान्तमा आधारित हुनुपर्ने मागमा कुनै अर्घेल्याइँ देखिँदैन । नेपाल र नेपाली जनतालाई अन्यायमा पर्ने गरी सम्झौताको मनपरी प्रयोग र दुरुपयोग गरिराखिन्छ भने असन्तोष अनेक कोणबाट प्रकट हुन्छ । यो कुरा नेपाल सरकारले मात्रै होइन भारत सरकारले पनि हेक्का राख्नु बुद्धिमानी हुन्छ ।

भारतीय प्रधानमन्त्रीलाई सोझै पत्राचार गरी समस्याको हल खोज्न लागिपरेको संघर्ष समिति भारतलाई प्रत्यक्ष प्रभाव पार्ने आन्दोलनतर्फ उन्मुख हुँदैछ । सिँचाइ मन्त्रालयमा पेस भएको तथ्यांकको आधारमा क्षतिपूर्तिको माग अहिले पनि प्रबल हुँदैछ । क्षतिपूर्तिको मागलाई सम्बोधन गर्न नेपाल सरकारको कूटनीतिक पहल र बुद्धिमानीको आवश्यकता छ । क्षतिपूर्तिको रकम आउला भन्ने आशामा दश वर्ष कुरिसकेको अवस्थामा यसै मुद्दाका आधारमा गण्डक क्षेत्रमा अर्को पानी रोकौँ आन्दोलन हुनसक्छ ।

## धन्यवाद

यस अनुसन्धानमा सघाउनुहुने गण्डक क्षेत्रका बासिन्दाहरू र कुराकानीका लागि समय दिनुहुने गण्डक नदी नियन्त्रण संघर्ष समिति नवलपरासीका अध्यक्ष दूधनाथ गुप्ताप्रति आभार व्यक्त गर्दछु । अनुसन्धान र लेखनको अवसर जुराइदिने मार्टिन चौतारी तथा माहुरी होम कपिलवस्तु, लेखनमा हौसला थप्ने मेन्टर वन्दना ज्ञवाली र सम्पादनमा सहयोग गर्नुहुने सोहन प्रसाद साह र महेशराज महर्जनलाई विशेष धन्यवाद ।

# अनुसूची १

खुलापत्र

## महामहिम भारतीय राजदूत महोदयके नाम खुला-पत्र

महामहिम राजदूत महोदय, (4 oct 2004)

टूर मोकाम, वेलाटारी, नवलपरासी 2061-06-18

नेपाल और भारतके बीच सदियों से चली आ रही मित्रता मात्र राजनैतिक तथा भौगोलिक ही नहीं अपितु दोनो देशों के बीच खुला सीमा, एक आपस में विद्यमान वैवाहिक-सम्वन्ध, सामाजिक, धार्मिक एवं सांस्कृतिक समानता, दोनो देशों के नागरिकों के बीच परस्पर भाइचारेका सम्बन्ध विकसित करने में महत्वपूर्ण स्थान रखता है।

नेपाल अधिराज्य के तराई-क्षेत्रका यह जिल्ला भारत गणराज्य के विहार के पश्चिमी चम्पारन तथा उत्तर प्रदेश के महराजगंज जनपदों से सटा होने से इसकी अपनी विशिष्ट पहचान है, महर्षि वाल्मीकी का आश्रम, नारायणी नदीका पवित्र संगम स्थल त्रिवेणी, रामग्राम स्तुप एवं अन्य महत्वपूर्ण मठ, मन्दिर, मजार से परिपूर्ण इस जिले में नेपाल भारत मैत्री का प्रतिक गण्डक सम्झौता १९५९ में सम्पन्न हुआ। अत्यन्त महत्वाकांक्षी गण्डक सम्झौता के द्वारा भारत सरकार द्वारा घोषित हरित क्रान्ति विहार तथा उत्तर प्रदेश के पूर्वान्चल में अभूतपूर्व परिवर्तन दृष्टिगत हुआ; ठीक इसके विपरित नेपाल के भूभाग में भारतीय पक्ष द्वारा निर्मित नहरों में हमेशा पानी का अभाव रहने से हम सिंचाई सुविधा से प्रायः वंचित रहे है, साथ ही गण्डक नहरके निर्माण से वर्षातका पानीका निकास बन्द होने से यहाँ की जनता प्रतिवर्ष बाढ समस्या से ग्रसित रही है फलस्वरुप इस क्षेत्र की आर्थिक अवस्था अत्यन्त दयनीय रही है।

सडक यातायात तथा शिक्षा के क्षेत्र मे इस जिले मे आपका योगदान अभूतपूर्व रहा है जिसके प्रति इस क्षेत्र के समस्त नागरिक के तर्फ से भारत सरकार के प्रति हम हृदय से आभारी है तथापि भारतीय गण्डक नहर योजना के कृत्रिम निर्माण से बाढ पिडित इस क्षेत्रके जनताको सहयोग के लिए आपकी रचनात्मक संलग्नता का दायित्व प्रासंगीक है। विशेषकर गण्डक योजना क्षेत्र में आपके द्वारा निर्मित संरचनाओं से इस क्षेत्रको जो हानी हुई है, उन समस्याओं के निराकरण के लिए तथा इस क्षेत्रकी आर्थिक अवस्था सुदृढ करने के लिए एक दीर्घकालीन "एकीकृत विकास कार्यक्रम की गुरुयोजना" की आपसे अपेक्षा होना स्वभाविक है। मुख्य समस्याओं एवं उनके समाधान के निम्न सुझाव प्रस्तुत है।

(क) भारत गण्डक मुख्य पश्चिमी नहर द्वारा नेपाल के भू-भाग मे सिंचाई हेतु निर्मित आउटलेट द्वारा यहाँ के भू-भागके लिए सिंचाई प्राय नहोनेकी वजहसे मुख्य पश्चिमी नहर के २७ R.D. मे एक अतिरिक्त आवश्यक आउटलेट की व्यवस्था की जाय।

(ख) मुख्य पश्चिमी नहर निर्माण की वजह से छोटे छोटे पहाडी नदियों के पानीका समुचित निकास अवरुद्ध हुआ जिसके कारण हमेशा यह क्षेत्र बाढ से ग्रसित रहा हैं जिसके लिए मुख्य पश्चिमी नहर मे निर्मित ४२.२ R.D. का साइफन (जिसको बादमे बन्दकर दिया गया है) उसको पुनः

१

संचालित किया जाय तथा मुख्य पश्चिमी नहर के दोनो तर्फ के भूभाग में जमाव होने वाले पानीका व्यवस्थित ड्रेनद्वारा आवश्यक जल निकास की व्यवस्था की जाय ।

(ग) मुख्य पश्चिमी नहर में निर्मित संरचना (पुल, सडक) की आवश्यकता अनुसार जिर्णोद्धार एवं पुनः निर्माण की जाय ।

(घ) गण्डक नदीद्वारा विगत वर्षोंमें नेपालके तर्फ व्यापक नदी कटान हो रहा हैं, जिसके कारण किसी भी वक्त गण्डक योजना द्वारा निर्मित बाँधों के टुट्नेका खतरा हमेसा बना हुआ हैं जिसके फलस्वरुप नेपालके ५०-६० गाँव जल मग्न होनेका खतरा तो हैही भारतके उत्तर प्रदेश के महराजगंज एवं गोरखपुर जनपद में व्यापक जनधन की क्षती होनेके साथ ही गोरखपुर महानगरपालिका भी खतरों मे घिर सकता हैं, जिसके लिए छीतौनी में बना हुआ पुल पानीके कम मात्रा निकास के क्षमता से एवं विहारके तर्फ बाद में बना हुवा ठोक्कर जिम्मेवार हैं । अतः इन समस्याओं को गम्भीरता से ग्रहण कर गण्डक नदी के पश्चिमी किनारेंमें बाँधोंको उँचा एवं व्यवस्थित किया जाय ।

(ङ) गण्डक योजना से प्रभावित इस क्षेत्र के मध्यमें अवस्थित प्रतापपुर हेल्थपोष्ट वेलाटारी में आवश्यक स्वास्थ्य उपकरण उपलब्ध कराया जाय ।

(च) इस क्षेत्र में बाढ के प्रभाव से उत्पन्न पिनेका पानी प्रदूषित होने के कारण (आर्सेनिक एवं व्याक्टेरिया युक्त) स्वस्थ पेय जल की समुचित परियोजना का ठोस व्यवस्था किया जाय ।

महामहिम राजदूत महोदय,

आशाही नहीं हमे पूर्ण विश्वास है कि महामहिमका यस गौरवशाली भ्रमण इस जनपद और क्षेत्र के उपर्युक्त यथार्थ एवं निर्वाध सहयोग पर सन्तुलित और सम्यक दृष्टि रखते हुए हमारे क्षेत्रके सहयोग को भी रचनात्मक स्वरुप प्रदान कर नेपाल भारत मित्रता में अतिरिक्त गतिशिलता उत्पन्न कर एक नया आयाम देनेमे सफल एवं फलदायी सावित होगा ।

धन्यवाद !

नेपाल भारत मित्रता - जिन्दाबाद ! जिन्दाबाद ।।

नेपाल भारत मैत्री समाज, नवलपरासी
दीपकराज शर्मा
दुधनाथ गुप्ता
सुधीर प्रसाद पाण्डे
खड्क बहादुर चौधरी
प्रेम चन्द्र गुप्ता
विष्णु प्रसाद उपाध्याय
बहादुर कार्की
प्रकाश मिश्र

## अनुसूची २

गण्डक नदी नियन्त्रण संघर्ष समिति नवलपरासीले जेष्ठ ११, २०६५ मा थालेको पानी रोकौँ आन्दोलनको २१ बुँदे माग ।

१) गण्डक ब्यारेज र रानीनगरको बीच सिल्ट इजेक्टरबाट थप जग्गा कटान भएकोले सो सिल्ट इजेक्टरको टेलबाट ए गैप बाँधको टेलसम्म बलियो तटबन्ध बनाउनु पर्छ ।

२) ए गैप बाँधको टेलमा नदीतिर लामो र बलियो ठोकर निर्माण गर्नुपर्ने छ ।

३) गण्डक योजनाको बी गैप बाँधलाई थप २ मीटर अग्लो र ४ मिटर चौडा बनाउनु पर्ने छ ।

४) ए गैप बाँधलाई बी गैप बाँधसम्म नदीको किनार हुँदै दोस्रो नयाँ र बलियो तटबन्ध बनाउनु पर्नेछ ।

५) गुठी परसौनी गाविस अन्तर्गत नेपाल बाँधमा रहेको धोबहा नालामा ठूलो साइफन सहितको पुल निर्माण गर्नुपर्ने छ ।

६) नेपालले उपयोग गर्ने पिपरपाती प्रसौनी माईनरको ६४ क्युसेक पानी निर्बाध रूपमा प्रदान गर्नु पर्ने छ ।

७) मुख्य पश्चिम नहरको टुटेको भित्री भाग लाईगि गर्ने कार्य दुर्घटनालाई मध्यनजर राखी अनिवार्य रूपमा सिमेन्टेड सोलिङ गर्नुपर्ने छ ।

८) मुख्य पश्चिमी नहरको ४.४ आर.डी. रानीनगरको पुल र ३२ आर.डी. प्रतापपुरको पुलको चौडाइ दोब्बर गर्नुपर्ने छ ।

९) मुख्य पश्चिमी नहरमा निम्न ठाउँहरूमा थप पुलको निर्माण गर्नुपर्ने छ ।
   क) कुडिया गाविसको वडा नं. ६ गुदरियामा ।
   ख) गुठी सुर्यपुरा गाविसको नं. ८ टांगीकोटमा ।
   ग) साबिक गाविस गुठी सुर्यपुराको वडा नं. ५ पावरहाउसको १ किमी दक्षिणमा ।

१०) गण्डक ब्यारेज र त्रिवेणी धामको बीचको बाँध जुन २३ जुलाई २००२ मा मात्र ६ लाख २९ हजार ५० क्युसेक पानीको दबाबले भत्केको थियो, त्यसलाई बलियो बनाउनु पर्नेछ ।

११) पवित्र त्रिवेणी धामको माथि अवस्थित ऐतिहासिक गजेन्द्र मोक्षदेखि त्रिवेणी धामसम्म नदीको किनार हुँदै तेस्रो नयाँ तटबन्धको निर्माण गर्नुपर्ने छ ।

१२) नदीको कटानलाई ध्यानमा राख्दै बी गैप बाँधको पुछारलाई पकलिहवा गाविसको नदीको हुँदै भारतीय सीमासम्म चौथो नयाँ तटबन्धको निर्माण गर्नुपर्ने छ ।

१३) गण्डक नदीले कुडिया, त्रिवेणी सुस्ता, नरसही र पकलिहवा गाविसको करिब ३५० बिगहा काटेको जमिनको क्षतिपूर्ति दिनुपर्ने छ ।

१४) गण्डक सम्झौता अनुसार निर्मित गण्डक पश्चिमी नहरको निर्माणले गर्दा सिंगहा, रयपुरवा, सिरखोलाहरूको पानीको प्राकृतिक निकास परिवर्तन भयो, जसले ती खोलाहरूमा आएको

पानी जम्न गइ पकलिहवा, नरसही, रुपौलिया, प्रतापपुर, सोमनी, ठुलो खैरटवा, गुठी सुर्यपुरा, कुडिया, बैदौली र भुजहवा गाविसहरू स्थायी अर्ध डुबान क्षेत्रमा परिणत भएकोले पानी निकासको स्थायी व्यवस्था गर्नुको साथै डुबान क्षेत्रको गण्डक योजनाको निर्माणदेखि आजसम्मको बालीको क्षतिपूर्ति दिनुपर्ने छ ।

१५) गण्डक पश्चिमी नहर, त्यसमा रहेको पुल र नहरको किनारमा रहेको कालो पत्रे सडकलाई तत्काल समयानुकूल मर्मत गर्नुपर्ने छ । पुलको दुवैतिर सडकको स्लोपलाई विगतमा भएको सवारी दुर्घटनाहरूलाई ध्यानमा राखी लामो बनाउनुपर्ने छ ।

१६) गण्डक योजनाको कृत्रिम निर्माणले यस क्षेत्रमा जलजमाव भइ खानेपानी प्रदूषित भई लाम्खुट्टेको स्थायी ब्रिडिंग प्लेस बनेकाले योजना क्षेत्र भरीको लागि खानेपानी र औलो नियन्त्रण कार्यालय बनाउनुपर्ने छ ।

१७) गण्डक योजनको कृत्रिम निर्माणले यस क्षेत्रको पारिस्थितिक प्रणालीमा प्रतिकूल असर परी स्थायी जमिनको प्रदूषित पानीले मान्छे, बालबालिका र महिलाको स्वास्थ्यमा नकारात्मक दीर्घकालीन असर पारेको कारणले त्यसको समाधानका लागि एक गण्डक हस्पिटल कुडिया गाविसको वडा नं. ४ मा बनाउनुपर्ने छ ।

१८) प्रायः गण्डक योजना क्षेत्र नै डुबान क्षेत्र भएकोले यहाँका कृषकको आर्थिक अवस्थामा प्रतिकूल असर परी उच्च शिक्षा र प्राविधिक शिक्षा दिलाउन सकेका छैनन् । अतः यस क्षेत्रका दश जना विद्यार्थी अर्थात् एमबिबिएसमा र इन्जिनियरीङमा पाँच पाँच जना स्थानीय विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गरी अध्यापन गराउनुपर्ने छ ।

१९) गण्डक ब्यारेज त्रिवेणीदेखि गजेन्द्रमोक्ष धाम सम्मको बाटोलाई दुई लेनको पीच गर्नुपर्ने ।

२०) नेपालको भू-भागलाई सिँचाइ गर्नका लागि नेपाली नहरको काम पूर्व सम्झौता अनुसार हुनुपर्ने ।

२१) भारतीय गण्डक क्षेत्र अन्तर्गत नेपाल क्षेत्रमा हुने सम्पूर्ण काम नेपाली लाइसेन्स प्राप्त ठेकेदार मार्फत हुनुपर्ने ।

## अनुसूची ३

पानी रोकौँ आन्दोलनमा भारतीय पक्षसित भएको २१ बुँदे सहमति

१) सिल्ट इजेक्टरको च्यानल सकिएको ठाउँबाट पानी ले कृषि योग्य जमिन कटान गरेकोले सिल्ट इजेक्टरको टेलबाट च्यालन बनाएर नदीमा हाल्नका लागि विस्तृत निरीक्षण र सर्वेक्षण गरी कार्यान्वयन गरिनेछ ।

२) ए गैपको पुछारको भाग धेरै वर्षदेखि काटिँदै जाँदा छोटो भएकोले यसलाई पुनर्स्थापित गर्ने कार्य तुरुन्त प्रारम्भ गरिनेछ । अति आवश्यक कार्य अहिले नै तथा बाँकी काम बाढीको सिजन सकिएपछि गरिनेछ ।

३) बी गैप बाँधको उचाइ एवं चौडाइ बढाउने सम्बन्धमा यसको एक परियोजना बनाएर प्रस्तुत गरिने सहमति गरिएको छ । बी गैपको स्परहरू नदीको धारले क्षतिग्रस्त भएकोले पुनर्निर्माण कार्य तत्काल प्रारम्भ गरिनेछ ।

४) ए गैप र बी गैपको बीचमा रहेको ग्रामीण सडक नजिकै कटान भई गाउँको नजिक आएकाले स्परहरू निर्माण गरी रोकथाम गर्नु जरुरी छ । तर यदि ए गैप र बी गैपको बीचमा तटबन्धको निर्माण कार्य सम्भव नभएमा गाउँको नजिक नदि किनारको सडकलाई अग्लो बनाइनेछ ।

५) नेपाल बाँधको धोबाहा नालाको समस्यालाई परियोजना बनाएर कार्य गराइने आश्वासन दिइन्छ ।

६) भारतीय गण्डक मुख्य पश्चिमी नहर पूरा क्षमतामा नचलेको कारणले नेपाल क्षेत्रको नहर पनि आफ्नो पूरा क्षमतामा चल्न सकेको छैन । त्यसैले मुख्य पश्चिमी नहरको मर्मत कार्य पश्चात् उल्लिखित क्षमतामा पानी आपूर्ति गरिनेछ ।

७) मुख्य पश्चिमी नहरको टुटेको भित्री भागको सिमेन्टेड सोलिंग नहर मर्मत कार्यको क्रममा गराइने बढी क्षति भएको ठाउँमा नदी बन्द गरिएको बेलामा गर्नका लागि विभागमा प्रस्ताव पठाइनेछ ।

८) समितिको ८ र ९ नं. को माग अन्तर्गतको मुख्य पश्चिमी नहर रानी नगरको पुल र ३२ आर.डी. को पुलको चौडाइ डबल गर्ने तथा कुडिया गाविसको गुदरिया सुर्यपुरा गासिको टांगीकोटको एक किमी दक्षिणमा पुल निर्माणको लागि कोशीगण्डक परियोजना ज्वाईन्ट कमिशन Joint Committee of Koshi Gandak Project (JCKGP) को बैठकमा प्रस्तुत गरिनेछ ।

१०) गण्डक ब्यारेज र त्रिवेणी धामको बीचको २३ जुलाई २००२ मा क्षतिग्रस्त तटबन्धलाई पुनर्स्थापनाको क्रममा उचाइ बढाउने बलियो बनाउने तथा डिल निर्माण गर्ने काम गरिनेछ ।

११) त्रिवेणी धामको माथि अव्यवस्थित ऐतिहासिक गजेन्द्रमोक्षदेखि त्रिवेणी धामसम्म नयाँ तटबन्धको निर्माण सम्बन्धमा नेपाल र विहार सरकार जल संसाधन विभागका

अधिकारीहरूद्वारा संयुक्त सर्वेक्षण गरी सिँढीको व्यवस्था सहित योजनको प्रतिवेदन तयार गरी कार्य अगाडि बढाइने छ ।

१२) नेपाल बाँधमा नदीको धाराले बहुमूल्य कृषि भूमि कटान गरी तटबन्धको नजिकै आएकोले स्पर र कटर बनाएर नदीको कटानलाई रोकिनेछ । थप कार्य परियोजना बनाएर गरिनेछ ।

१३) समितिले माग गरेको गण्डक नदीबाट कटान भएको कुडिया, त्रिवेणी, नरसही पकलिहवाको जमिनको क्षतिको क्षतिपूर्ति उत्तर प्रदेश सरकारले विहार सरकारसँग अनुरोध गरिनेछ ।

१४) भारतीय मुख्य गण्डक पश्चिमी नहरको कारण भएको जग्गा तथा अन्न बालीको क्षतिपूर्तिका लागि क्षतिपूर्ति प्रस्ताव कोशी गण्डक ज्वाईन्ट कमिशनको आगामी बैठकमा प्रस्तुत गर्ने तथा डुबानको समस्या समाधानको लागि नेपाल भारत संयुक्त विशेषज्ञहरूको टोली गठन गरी सम्भाव्य अध्ययन गरी आगामी कार्य अगाडि बढाइनेछ ।

१५) भारतीय मुख्य गण्डक पश्चिमी नहरमा रहेका जीर्ण पुलको मर्मत नहर सर्भिस सडक कालो पत्रे गर्ने कार्य वार्षिक बजेटमा समावेश गरी गरिनेछ ।

१६) प्रभावित गण्डक क्षेत्रका लागि स्थायी औलो नियन्त्रण कार्यालय स्थापना गरिनेछ ।

१७) यस क्षेत्रका जनताको उपचारका लागि यस क्षेत्रमै गण्डक हस्पिटल खोलिनेछ ।

१८) गण्डक क्षेत्रका विद्यार्थीहरूको उच्च अध्ययनका लागि भारतले शैक्षिक छात्रवृत्ति उपलब्ध गराउनुपर्ने । बुँदा नं. १६, १७ र १८ को माग पूर्तिका लागि सामान्य प्रशासन उत्तर प्रदेश एवं नेपाल सरकारद्वारा कार्यलाई अगाडि बढाइनेछ ।

१९) त्रिवेणी बजारदेखि गजेन्द्र मोक्षसम्म कालो पत्रे निर्माणको लागि सर्वेक्षण गरी आयोजना प्रस्ताव गरी सरकार समक्ष कार्यान्वयनका लागि पठाइनेछ ।

२०) नेपाली नहरको काम सम्झौता अनुसार सम्पन्न गर्न नेपाल तथा विहार सरकारका अधिकारीहरूबाट संयुक्त रूपमा स्थलगत सर्वेक्षण गरी योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

२१) गण्डक सम्बन्धी नेपाल क्षेत्रमा हुने निर्माण कार्यमा नेपाली लाइसेन्स प्राप्त ठेकेदारलाई विहार सरकारको नियम अनुसार दर्ता भएपछि समावेश गराउन सकिनेछ ।

# अनुसूची ४

भारतबाट क्षतिपूर्ति पाउनका लागि समितिले बुझाएको मागको विवरण

Government of Nepal
Ministry of Irrigation
Department of Irrigation

**Summary of Damages Caused by the Western Gandak Canal in Nawalparasi District of Nepal (1993 to 2007)**

Amount in NRs

| S.No | VDC | Types of Damage | | | | | Total Damage (1993-2007) |
|---|---|---|---|---|---|---|---|
| | | Crops | | | Land Erosion | Material (2002) | |
| | | (1993-2000) | (2001-2006) | 2007 | | | |
| 1 | Jamuniya | 39271824.49 | 41285780.25 | 6806869.50 | 30000.00 | 1557289.00 | 88951763.24 |
| 2 | Paklihawa | 22337935.52 | 23483479.80 | 5360208.00 | 38695390.00 | | 89877013.32 |
| 3 | Kudia | 140699400.64 | 147871940.70 | 32475785.80 | 23855350.00 | 1000860.00 | 345903337.14 |
| 4 | Bhujhawa | 162372264.89 | 170699114.03 | 38077400.80 | 120000.00 | 5537675.00 | 376806454.72 |
| 5 | Tholo Khairtawa | 55785990.75 | 58646833.58 | 13131135.60 | | 4224516.00 | 131788475.93 |
| 6 | Guthi Suryapura | 116212612.13 | 122172280.73 | 28499156.95 | 8553625.00 | 8779443.00 | 284217117.81 |
| 7 | Bedauli | 73064731.24 | 76811670.38 | 18187026.00 | | 6000.00 | 168069427.62 |
| 8 | Guthi Prasauni | 13675334.94 | 14376639.75 | 3267863.50 | 30000.00 | 267901.00 | 31617739.19 |
| 9 | Narsahi | 46034363.37 | 48395118.75 | 10310832.00 | 12264000.00 | 222500.00 | 117226814.12 |
| 10 | Tribeni Susta | 93586359.13 | 69401120.25 | 11382498.40 | 105312570.00 | 64520610.00 | 344203157.78 |
| 11 | Rupauliya | 123915143.26 | 130269816.60 | 29393123.60 | | 3431870.00 | 287009953.46 |
| 12 | Pratappur | 156949653.37 | 164998417.65 | 35163829.60 | 585000.00 | 3505198.00 | 361202098.62 |
| 13 | Somni | 132873725.13 | 139687816.58 | 29151594.60 | | 7506594.00 | 309219730.31 |
| | Total | 1,176,779,338.86 | 1,208,100,029.05 | 261,207,324.35 | 189,445,935.00 | 100,560,456.00 | 2,936,093,083.26 |

| | |
|---|---|
| Total of Crop Damages | *2,646,086,692.26* |
| Total of Land Damages | *189,445,935.00* |
| Total of Material Damage | *100,560,456.00* |
| Total | 2,936,093,083.26 |

## अनुसूची ५

क्षतिपूर्ति विवरण संकलनका लागि प्रयोग गरिएको फाराम

भारतीय गण्डक पश्चिम नहर तथा गण्डक नदीले गर्दा डुबान भै जिन्सी र बाली क्षति सम्बन्धी विवरण

गाoविoसo वर्षः

जिल्ला: नवलपरासी

| क्र. सं. | जग्गा धनिको नाम | वडा नं. | कि.नं./ चौहद्दि | क्षेत्रफल | क्षतिको किसिम | | | | | | कुल रकम (रु.) | दरखास्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | जिन्सी | | | बाली | | | | | |
| | | | | | नाम | प्रति ईकाइ मूल्य (रु.) | जम्मा मूल्य (रु.) | नाम | प्रति कट्ठा मूल्य (रु.) | जम्मा मूल्य (रु.) | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

गाoविoसo सचिवको नाम :

दस्तखत :